साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ७ २०८२ भदौ १७ गते मंगलबार (Sep.2 , 2025) मूल्य रू. १०/-


## प्रचण्ड–जनार्दन, आमने–सामने




चाडबाड सकेपछि आन्दोलनमा जाने घोषणा गरेका माओवादी अध्यक्ष प्रचण्ड आफ्नै पार्टीका जनार्दन शर्माले नेतृत्व फेरिनै पर्छ भन्ने अडानमा थकित र गलित देखिन थालेको स्थिति रहेको छ । सम्बन्ध तातेको छ ।

हुन त अध्यक्ष प्रचण्डले जनार्दनले नपत्याएर पार्टी आन्दोलन रोकिँदैन भनेका छन् । तर उपमहासचिव रहेका प्रभाकर अर्थात जनार्दनले शेषनागले काँध फेर्दैमा पृथ्वी नहल्लिने भन्दै प्रचण्डमाथि टिप्पणी गरेपछि अध्यक्ष प्रचण्ड आक्रोसित छन् ।

माओवादी नेतृत्व फेरिने कि अध्यक्षले सम्बन्ध सुधार्ने हुन्, चासो बढेको छ ।

## चीनमा एसिया, एसियामा नेपाल

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति सी आपसी हितका विषयमा गम्भीर वार्तामा बस्ने सम्भावना प्रबल देखिएको छ । स्पष्ट छ, भारत र चीनको जनसंख्या जोड्दा दुई अर्ब ८० करोड हुने वास्तविकतालाई विश्वको अन्य कुनै शक्तिले बेवास्ता गर्न सक्दैन । एक्लै पनि अमेरिकालाई टक्कर दिने क्षमता भएको चीनसँग भारतको गठजोडले थप महत्व राख्दछ । राष्ट्रपति पुटिनसँग छुट्टै वार्तालाप गर्न नरेन्द्र मोदी समेत अन्य कतिपय नेताहरू व्यग्रतामा हुनु अनौठो भएन । नेपालका प्रधानमन्त्रीलाई भारत र चीन दुवैतर्फका शीर्षस्थ नेताहरूसँग एकान्त वार्ताको संयोग मिल्न सक्छ । निश्चय नै यस्तो अवसरको उपयोग राष्ट्रियहितमा गर्नसके नेपालमा जनस्तरबाट स्वागत र समर्थन हुनेछ ।



ध्रुवहरि अधिकारी



एसियाको एउटा देशले अर्को देशलाई हेर्दा सहयोगीको आँखाले हेर्नु पर्छ, प्रतिद्वन्द्वित(ाको नजरले होइन । अनि, सुदूर भूगोलमा रहेका देशका मित्रहरूतिर आशामुखी नजर लगाउन त सकिन्छ, तर तिनबाट कुन तहको सहयोग कतिसम्म हुन सक्ला र ?

दिनेश भट्टराई

# लिपुलेकको मुद्दा व्यापक भयो

सन २०१५ जुन १५ र सन २०२५ अगस्ट १९ मा भारत र चीनले नेपालको लिपुलेक नाकाबाट व्यापार गर्ने, कैलाश मानसरोवर यात्रा सरल बनाउने विषयमा सहमति गरेपछि नेपालमा ठूलै तरङ्ग उठेको थियो । नेपालले संविधानमै लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको हो भनेर संविधानमा समावेश गरेपछि भारतले ती क्षेत्र आफ्नो नक्सामा समावेश गरेर बिबाद खडा गरेको थियो । नेपालले ८ पल्ट कूटनीतिक नोट पठाउँदा पनि भारतले ती क्षेत्र आफ्नै दावी गर्दै आएको थियो ।

चीनले आयोजना गरेको एससीओ शिखर सम्मेलन नेपालका लागि उपलब्धिमूलक बनेको छ । नेपालका प्रधानमन्त्री केपी शर्मा ओली सम्मेलनमा सहभागी भएका छन् । सुरूमै चीनका राष्ट्रपति सी चिनफिङगसँगको भेटवार्तामा प्रम ओलीले लिपुलेक क्षेत्र नेपालको हो भन्ने प्रष्ट पारेका छन् भने रात्रिभोजमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट भयो र संवाद सुरू भएको छ । मोदीले नेपालसँग विशेष मित्रता रहेको ट्वीटरमा उल्लेख पनि गरेका छन् ।

नेपालले चीनसँग असन्तुष्टि जनाएको जानकारी परराष्ट्र मन्त्रालय र सचिवले स्पष्ट पारेका छन् । यसपछि दिल्लीले प्रतिवाद गर्दै पहिलोपल्ट दिल्लीले संवाद र कूटनीतिका माध्यमबाट हल गर्न भारत सिर्जनात्मक अन्तर्क्रियाका लागि खुला रहेको भनेको छ । भारतका प्रवक्ता रणधीर जैसवालले नेपालको उठानलाई आफूहरूले "जानकारीमा लिएको" भनेका छन् । नेपालको दावीलाई चीनले पनि पुष्टि गरेको छ । ती क्षेत्र नेपालका हुन् भन्ने पर्याप्त आधार रहेको नेपालका सीमाविद्हरूले बताएका छन् । भारतका सामु मुख खोल्न नसक्ने नेपाली नेताहरूका सामु जतिसुकै आलोचना गरे पनि यो विषयमा ओलीको साहसको प्रशंसा गर्नैपर्छ ।




केही वर्ष अघि चीनले नक्सा जारी गर्दा कालापानी क्षेत्र भारतको नक्सामा देखाएको थियो, यो कुरा नेपालले भारत र चीनलाई सन् १९४७ मा उपनिवेशबाट स्वतन्त्र भएको भारतले पनि स्वीकार गरेको उक्त सन्धि नै लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितका क्षेत्र नेपालको रहेको सबैभन्दा बलियो आधार रहेको बताउँदै आएको छ । भारतले सुगौली सन्धि मान्छु भनेकाले यो नै हाम्रो सबैभन्दा बलियो आधार हो । त्यसपछि ईस्ट इन्डिया कम्पनीले प्रकाशित गरेका नक्सा पनि छन् । नेपाल एकीकरणपूर्वको व्याँस उपत्यका नेपाल एकीकरणपूर्व जुम्लाका रजौटाले शासन गरेको ठाउँ हो । त्यो उपत्यका भनेको नाभी, कुटी र गुन्जी क्षेत्र हो, विज्ञ समूहका सदस्य भन्छन् ।

अमेरिकाको अनुदानयुक्त एमसीसी परियोजनाले पूर्वाधार विकासमा ठूलो आधार दिएको छ भने अब चीनले बीआरआईमार्फत नेपालको विकास निर्माण र रोजगारी श्रृजनामा मद्दत गर्नसक्छ । रूस लगायतका अनेक सरकार र राष्ट्रप्रमुखसँगको भेट र अन्तरकृया नेपालका लागि लाभदायक सिद्ध हुनसक्छन् । चीन जानुअघि संसदमा टर्रो भाषण गर्नु र सबै दलको समर्थन लिने प्रयास नगर्नु प्रम ओलीको कमजोरी थियो । सर्वसम्मतिका साथ चीन गएको भए झन बढी उपलब्धि हुनसक्थ्यो । जेहोस्, नेपाली भूमिको सवाल अन्तर्राष्ट्रियकरण भएको छ, यसले भारतमाथि दबाब सिर्जना भएको छ ।




## द्वन्द्वपीडितमाथि अझै खेलबाड

द्वन्द्वपीडितहरूमाथि राजनीतिक दाउपेच र खेलबाड जारी छ । द्वन्द्वपीडित भन्छन्- 'दशकौंदेखि पीडा, अन्याय, अपहेलना र अन्यायमा पिल्सिरहेका द्वन्द्वपीडित समुदायले खोजेको न्याय हो, न्याय हलि पाइएला ?' पीडित समूहले न्यायमा खेलबाड नगर भनेर बेला बेलामा खबरदारी गर्ने गरेका छन् । पीडितले न्याय पाउनुपर्छ, पीडकमाथि दण्ड हुनुपर्छ, गम्भीर मानवाधिकार उल्लंघनका दोषीलाई आममाफी दिनेगरी सरकारले संसदमा पेश गरेको विधेयक संसदमा संशोधन गरेर द्वन्द्वपीडितलाई थप पीडा दिने काम नहोस् भनिरहेका छन् । सुन्ने कसले ?

संक्रमणकालीन न्याय ६ महिनामा दिने प्रतिवद्धता जनाउने पार्टीहरू सत्तामै छन्, संसदमै छन्, १८ वर्षदेखि आफ्नै प्रतिवद्धता बिर्सेका छन् । पीडितका स्वर झन कडा हुँदै गएको छ । भन्छन्- सर्वोच्चको परमादेश र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन बमोजिम संक्रमणकालीन न्यायको व्यवस्था होस् ।

स्मरणीय छ, यसअघि गोविन्द बन्दीलाई कानुन मन्त्री बनाएर पीडकलाई क्षमादान सम्म दिनसक्नेगरी कानुन बनाउन प्रयत्न गर्ने यिनै दल र नेताहरू हुन् ।

## कांग्रेस, एमालेलाई रास्वपाको चुनौती




कात्तिक १७ गते रूपन्देही ३ मा उपचुनाव । रास्वपाले लेखजंग थापालाई उमेदवार उठाएको छ । रास्वपा अर्थात कांग्रेस-एमालेलाई चुनौती ।

३३ लाख हस्ताक्षर गर्नेहरूमा रूपन्देहीका पनि हजारौं बालिगहरू छन्, तिनले रास्वपालाई मत दिएर थापालाई जिताउलान् ? यो चुनाव रास्वपाको लोकप्रियताको परीक्षा पनि हो । कांग्रेस, एमाले र रास्वपाको लागि यो चुनाव मिसन ०८४ को परीक्षा पनि हो ।

## कर्णेलको नियतिको खतरा



नेपाली सेनाका कर्णेल कुमार लामा र चिलीका शासक पिनोसे दुबै बेलायतमा पक्राउ परेका थिए, सैनिक कूटनीतिबाट उनी छुटेका थिए । अहिले यो केश सामसुम छ तर नेपालले जुन बेइजति भोग्ये, अब त ग्रेलिष्ट, फ्रड, मानव बेच्नेसम्मका आरोप लागेका छन् । लोकतन्त्रको शिर झुकाउने मुख्य जिम्मेवार यिनै थिए, यिनै नेता हुन् । शक्तिको दुरूपयोग गरिरहने कि ? राजनीतिक शालिग्राम, बन्न सहमति, संवाद र सहकार्य गरेर अघि बढ्ने ? यिनले निर्णय गरून् । अन्यथा भोली कर्णेल कुमार लामा अथवा पिनोसे बन्न बेर छैन भन्छन् विश्लेषकहरू ।

***August 3, 2016 at 8:03 AM***

***LONDON, Aug 2: Nepal Army (NA) Colonel Kumar Lama has been acquitted by Old Bailey Central Criminal Court, London on Tuesday in one of the two cases filed against him by former Maoist rebels alleging torture during the decade-long armed conflict in Nepal. Even though Col Lama is acquitted by the court in a case filed by Karram Hussain, one of the two former Maoist rebels who had filed case against him, he cannot leave the United Kingdom until the court delivers its verdict on the second case filed by Janak Raut, another rebel. The 12-member jury that is hearing his case.***

## बैंकहरुको बेइमानी : अन्तर्राष्ट्रिय अडिट हुँदैछ




आशंका भएका र पूर्ण लेखा परीक्षणको सूचीमा परेका वाणिज्य बैङ्कहरूमा ग्लोबल आइएमई बैङ्क, नबिल बैङ्क, नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, कुमारी बैङ्क, लक्ष्मी सनराइज बैङ्क, प्रभु बैङ्क, हिमालयन बैङ्क, नेपाल बैङ्क लिमिटेड र एनआइसी एसिया बैङ्क रहेका छन् । प्रत्येक वर्ष अरवौं मुनाफा कमाउने बैंकहरू यिनै हुन् । यिनै बैंकहरूले आफ्ना कमी कमजोरी र खराव कर्जा लुकाएको आशंका गरिएको छ । राष्ट्र बैंक स्रोतका अनुसार बंगलादेशको हउलादार युनुस एन्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सले कर्जा लगानीका आधारमा छनोट गरिएका ती वाणिज्य बैङ्कको लोन पोर्टफोलियोको प्रत्यक्ष अध्ययन गरी प्रतिवेदन राष्ट्र बैङ्कमा पेश गर्नेछ । राष्ट्र बैंकले निजी निक्षेप खतरामा पर्दै गएको, सहकारीदेखि अन्य बैंकर भागिरहेको सन्दर्भमा यस्तो कडा नीति अख्तियार गरेको हो । यो कार्यलाई सुधारात्मक भनिएको छ ।

नयाँ गभर्नर आएपछि शेयर मार्केटमा लचकदार नीत अपनाएको र वित्त क्षेत्र र मौद्रिक क्षेत्रमा सुधार गर्ने प्रतिबद्धता जनाउँदै अन्तर्राष्ट्रिय मुद्रा कोषसँग ३९ करोड ५९ लाख अमेरिकी डलर बराबरको विस्तारित कर्जा सुविधाका लागि सम्झौता समेत गरेको अवस्था छ ।

१० ठूला बैंकमाथि राष्ट्र बैंकले आशंका गरेको छ र त्यही आशंका निवारणका लागि १० ठूला वाणिज्य बैंकहरको अन्तर्राष्ट्रिय गुणस्तरको पूर्ण लेखा परीक्षण हुने भएको छ । यस सम्बन्धमा गत बिहीबार सम्झौता भएको छ ।

यी १० ठूला बैंकहरूको सम्पत्ति, यिनले दिने सेवा सुविधा, खराव कर्जा लुकाएको र मुनाफा के कसरी भइरहेको छ भन्ने विषयमा समेत लेखा परीक्षण हुनेछ । यस कार्यका लागि पूर्ण परीक्षण गर्ने जिम्मेवारी बङ्गलादेशको हउलादार युनुस एन्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई छनोट गरिएको छ । यो कम्पनी र नेपाल राष्ट्र बैंकवीच गतहप्ताको बिहीवार सम्झौता भएको हो । छिटोभन्दा छिटो लेखापरीक्षण थालिने कम्पनीले बैंकहरूलाई जनाउ दिएको छ ।

आर्थिक क्षेत्रमा गलत नीतिका कारण नेपाललाई ग्रेलिष्टमा राखिएको छ । बैंकहरूले 'इभर ग्रिनिङ' जस्ता अभ्यासमार्फत खराब कर्जा लुकाएको आशङ्का समेत भएपछि र आपराधिक सम्पत्तिमा बैंकहरूले चलखेल गरेको हो कि भन्ने विषयलाई राफसाफ गर्नका लागि समेत अन्तर्राष्ट्रिय मुद्रा कोषले निष्पक्ष रूपमा काम गर्ने कुनै अन्तर्राष्ट्रिय अडिटरमार्फत लेखा परीक्षण गराउन सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकले १० बैंकहरूको अडिट गराउने निर्णय गरेको थाहा भएको छ । त्यसो त बैंकहरूले प्रत्येक महिना राष्ट्र बैंकमा रिपोर्ट बुझाउँछन् र राष्ट्र बैंकका निरीक्षण विभागले मिलिभगतमा बैंकहरूमाथि ढाकछोप गर्ने गरेको आरोप पनि छ ।

# निङ्लाशैनी मन्दिरको प्राचीन इतिहास




**उद्धव मार्कण्ड, बैतडी-**

सुदूरपश्चिमका विभिन्न धार्मिक स्थलहरु मध्ये बैतडी जिल्लाको देहिमाण्डौंमा अवस्थित निङ्लाशैनी भगवतीको मन्दिर पनि एक हो । यस मन्दिरको स्थापना १२ औं शताव्दी भन्दा पहिले नै भएको मानिन्छ । यस मन्दिरको स्थापनाका सन्दर्भमा एउटा चर्चित जनश्रुति तथा लोकश्रुति रहेको पाइन्छ । भारतको दुबानगरबाट बसाइ सरी आएका जनाबिचार भट्ट, चतुर बह्मा (चतुऱ्या बोरो), भुनी टेर, दासी हुड्के लगायतका विभिन्न व्यक्तिहरु परिवार सहित बसाइ सर्ने क्रममा वर्तमान नेपालको बैतडी जिल्लाका विभिन्न स्थानहरुमा आएर बसे ।

हालको दसरथचन्द नगरपालिकाको नौगेडी वन नजिक (हालको देहिमाण्डौं) चतुरबह्माले आफ्नो परिवार बसाले भने गुरुखोला पालीमा जनाबिचार भट्ट र भुनिटेरको परिवार र स्याडीमा दासी हुड्केको परिवार बस्यो । दुवानगरमा बस्दा यी सबै परिवारहरु कूलदेवीका रुपमा भगवतीको पूजाआजा गर्दथे । बसाइ सरी बैतडीमा आइसकेपछि पनि देवीका मुख्य पर्वहरुमा पूजाका लागि यी सबै परिवारहरु यतैबाट पूजासामग्री लगेर कूलदेवीको पूजाका लागि दुवानगर जाने गर्दथे । केही समय बैतडीबाटै दुवानगर गएर देवी पूजालाई निरन्तरता दिए । भाद्र महिनामा शुक्ल त्रयोदशीदेखि पूर्णीमासम्म तीन दिन हुने देवीको मुख्य पूजाका लागि उल्लेखित परिवारमा मुख्य व्यक्तिहरु दुवानगर जान लागे । भाद्र महिनाको अविरल वर्षका कारण महाकाली नदीमा पानीको बहाव तीव्ररुपमा बढेपछि नदी तर्न नसकेर किनारमै बसिरहे । बर्षा रोकिएर महाकालीको पानी घट्ला र पारी तरौंला भन्ने आसमा पुरै दिन बित्यो, पनी घट्नुको साटो अविरल वर्षाका कारण महाकालीको बहाव झन् बढ्न थाल्यो । देवी पूजाका लागि जसरी पनि जानुपर्ने तर काली नदी तर्न नसकेपछि राती नदीकै किनार नजिकका ओडारहरुमा ओत लागेर बसिरहे । सबैले देवी पूजाका लागि पुग्न नसकिने अवस्थाप्रति दुःख व्यक्त गरिरहेका थिए ।

बरु महाकालीमै हाम फालेर मर्ने तर देवीको पूजा नगरी नफर्कने भन्ने जस्ता कुराकानी गर्दागर्दै निद्रा लागेपछि देवीले सपनामा दर्शन दिएर मेरो पूजाका लागि तिमीहरु यता नआउनु, म तिमीहरु बसेकै ठाउँमा आइसके, केही समयमा म दर्शन दिनेछु, तिमीहरु घर फर्क भनेछ । यति भइसकेपछि सबै पूजाको सामग्री सहित खुसी हुँदै घर फर्के । नौगेडी वन (हालको देहीमाण्डौं) नजिक परिवार बसालेका चतुरबह्मा (चतुरबह्मा बोरो) को घरमा लावड जातिको ग्वालो थियो । ऊ सधैँ गाईगोरु लगेर नौगेडीको वनमा चराउँथ्यो । चतुरबह्माको घरमा सेतो कालो रङको कपुरा दुहुनु गाई थियो । गाईलाई लगेर ग्वालो सधैँ नौगेडी वनमा जान्थ्यो । वन जाने बेलामा उक्त गाईको कल्चौँठो दुधले भरिएको हुन्थ्यो भने घर आउने बेलामा कल्चौँठो रित्तो हुन्थ्यो । गाईको यो अवस्था देखेर चतुरबह्माकी श्रीमती अचम्म पर्दथिन । दैनिक यस्तै अवस्था देखेपछि चतुरबह्माकी श्रीमतीले ग्वालालाई बोलाएर भनिन्, हेर बिहान वन जाने बेलामा गाईको कल्चौँठो सधैँ दुधले भरिभराउ हुन्छ, साँझ घर आउने बेलामा कल्चौँठो रित्तो हुन्छ, गाईले बेलुका दुध पनि दिदैन, तिमीले वनमा गएर कतै गाई दुहेर दुध त खाँदैनौ भनेर ग्वालालाई झपार्न लागिन । आफूले वनमा कहिले पनि दुध दोएर नखाएको तर गाईको अवस्था हेर्दा उनले भनेजस्तै कल्चौँठो रित्तो हुने देखेर ग्वालो पनि छक्क पऱ्यो । दोस्रो दिन ग्वालाले आज त म यसको राज पत्ता नलगाइ छोड्दैन भन्ने अठोट लिएर ऊ गाई लगेर वनमा गयो र गाईबाट एक नजर पनि हटाएन ।

सदाझैँ गाई सरासर गएर नौगेडी वनमा रहेको निङलाको झेलमा गएर आफै दुहिन थाल्यो । यस्तो देखेपछि ग्वालो अचम्म पर्दै बल्ल राज पत्ता लाग्यो, अब घरमा गएर सबै कुरा बताउँछु भनी ऊ गाईलाई त्यसै ठाउँमा छोडी दगुरेर घर पुग्यो र हतारिदै चतुरबह्माकी श्रीमतीलाई गाई आफै दुहिएको राज बताउँदै आफ्नै आँखाले हेर्नु भनेर गाई दुहिनलागेको ठाउँमा लग्यो । साँच्चिकै गाई निङलाको झिलमा आफै दुहिदै थियो । यो देखेर चतुरबह्माकी श्रीमतीलाई रिस उठ्यो र उक्त झिलमा हँसिया प्रहार गऱ्यो । हँसियाको प्रहारले गर्दा उक्त झिलबाट रगत बगेको देखियो । झिलबाट रगत बगेको देख्नासाथ ग्वालोले आफूले ओडेको वस्त्रले छोपिदियो । यो अचम्मको घटना देखेर ग्वालो र चतुरबह्माकी श्रीमती र ग्वालो छक्क परे र घर आएर चुतरेलाई सबै वृत्तान्त सुनायो । उक्त घटना कसरी घटेको भन्ने बारे छलफल चलेपछि यो ठाउँमा दुवानगरमा पुज्य हुँदै आएकी कुलदेवी आएको निष्कर्षमा पुगे र सबैजना मिलेर उक्त निङलाको झिलभित्र रहेको शीलालाई कुलदेवीका रुपमा पूजा गर्न सुरु गरे । निङलाको झिलमा मिलेको र त्यसैमा निवास गर्ने देवीका रुपमा त्यसै बेलादेखि निङ्लाशैनीका नामले पुकारिन थालियो । देवीलाई सबैभन्दा पहिले पाएको र हँसिया प्रहारपछि आफ्नो ओड्ने वस्त्रले छोपेको हुनाले लावड जातिको ग्वालोलाई निङ्लाशैनी भगवतीको प्रिय पात्रको रुपमा सम्मान गरिन्छ । चतुरबह्माकी श्रीमतीले झाङमा हँसिया प्रहार गरेको घटनाको किवदन्ति अनुसार हालसम्म पनि देहिमाण्डौंबासी बोहराहरुकी श्रीमतीहरुलाई उक्त मन्दिरको टिका प्रसाद ग्रहण गर्न समेत बर्जित रहेको छ ।

यस्तो घटना घटिसकेपछि चतुरबह्माले देवीसँग क्षमायाचना गर्दै कौडिण्य गोत्रीय जनाबिचार भट्ट लगायत आफ्ना सहयात्रीहरुलाई बोलाएर छलफल गरी दुवानगरबाटै आएकी कूलदेवीका रुपमा उक्त निङालोको झिलमा रहेको शीलामा हरेक सङ्क्रान्ति, पूर्णीमा र देवीका मुख्य पर्वहरुमा पूजा अर्चना सुरु गरियो । जनाबिचार भट्ट पूजारी र आफू मुखिया र अन्य व्यक्तिहरुलाई फरक फरक भूमिकामा राखेर देवी पूजालाई निरन्तरता दिन थालियो । यसरी सर्व शक्तिमान देवीका रुपमा स्वराडदेखि कुमायूसम्मको सीमाभित्रका मान्छेहरुले विभिन्न भूमिकामा रहेर पूजा अर्चना गर्न थालिएको यस क्षेत्रका पुरानो पुस्ताका मानिसहरुले बताउँछन् । यतिमात्रै नभएर यस मन्दिरमा गौरा तथा जात्रमा गाइने गाथाहरुमा पनि यस मन्दिरको बारेमा वर्णन हुँदै आएको पाइन्छ । उदाहरणको लागि गौरा तथा जात्रहरुमा गाइने भग्गालिङ्ग लयको गाथामा गाईले निङालोको झिलमा दुहिएको र देवी मिलेको प्रसङ्ग यसरी आउँछ :

ए तिख्या पिपल भग्गालिङ्ग, मेर गाई धेकिथेइ भग्गालिङ्ग .....
वन झानि गाईका भाग्गालिङ्ग, केलाकोसी थुन भाग्गालिङ्ग
घर औनि गाईका भाग्गालिङ्ग, खोसमड़ा थुनु भाग्गालिङ्ग ....

त्यसै गरी निङ्लाशैनी भगवतीको इतिहाससँग जोडिने अठौति मल्ल र खोपऱ्या दैत्यको प्रसङ्ग भएका कथा र त्यसैसँग सम्बन्धित गाथाहरु पनि डोट्याली लोकसाहित्य एवम् समुदायमा प्रचलित रहेको छ । एक समयमा एकदमै बलिया अठौति मल्ल र खोपऱ्या दैत्यले मलासदेखि वर्तमान भारतको उत्तराखण्ड हुँदै बैतडी सम्मका देवीदेवताहरुसँग युद्ध गरेको र बैतडीमा पुगेपछि यस क्षेत्रका देवीदेवताहरुसँग युद्धमा पराजित भएर मरेको प्रसङ्ग पनि यस क्षेत्रमा गाइने गाथाहरुमा आउने गर्दछ । अठौती र खोपऱ्या मलासदेखि झुलाघाटसम्म पुग्दा देवताहरुसँग युद्ध गर्दै उनीहरुलाई पराजित गरेको र झुलाघाट पुगेपछि नदी तराउने मान्छेलाई अब म बैतडीमा जान चाहान्छु र त्यहाका देवीदेवताहरुसँग युद्ध गर्छु भन्ने मनाशय गर्दा नदी तराउने मान्छेले त्यस ठाउँमा तिमी युद्ध गर्न नजाउ शक्तिवान देवीदेवताहरु देवीदेवताहरु रहेको र युद्धमा तिम पराजित हुनेछौ भनेको प्रसङ्ग लोक गाथाहरुमा यसरी आउँछ :

जनचलइ अठौति स्वराड गड,
बडाबडा देउछन् स्वराडगड

यति भनेको नमानेपछि अठौतिले बैतडी क्षेत्रका देवीदेवताहरुसँग युद्धका लागि आफू आएको समाचार पठाउँछन् । अठौति र खोपऱ्या कालीपारीका सबै देवताहरुलाई जितेर आफूसँग लड्न आएको समाचार बैतडी क्षेत्रका देवताहरुले सुनेपछि रैण्याशैनी भगवती (त्रिपुरासुन्दरी) दिदी निङ्लाशैनीकहाँ आएर सल्लाह गरेको प्रसङ्ग अठौति मल्लको गाथामा यसरी आउँछ :

दिदी निङलाशैनी मेरो बोल लेन, बलियाकि साङी आइछ पिठी आडो देन .......
तोखिलेखा बलियो छ मुखिलेखा केइन, झल्यामल्या गावड़िको बेल्या भरी घिउँ
एइ मेरी स्वराड छुन न दिउँ ....

यसरी रैण्याशैनी र निङ्लाशैनीले सल्लाह गरेपछि यस बैतडी र स्वराड क्षेत्रका सम्पूर्ण देवीदेवताहरुलाई बोलाएर बैतडीको झौलेकमा असमीकेदार (सस्या) देवताको नेतृत्वमा सभा बसालेर अठौतिलाई कसरी मार्ने भन्ने विषयमा छलफल गरिएको प्रसङ्ग गाथाहरु यसरी आउँछ :

खेड़्यामेड़्या कटकको झौलेक ठाउँ ..., सैपाल सुरपाल सस्याका बाग
सैपाल सुरपाल लडाकु पुरा, खोपऱ्या माऱ्यो सल्म्या धुरा ......

यसरी सबै देवी देवताहरुले छलफल गरी अठौति र खोपऱ्यासँग युद्ध गरेको र अठौतिलाई निङ्लाशैनीको गैरचारी (रणक्षेत्र/युद्ध मैदान) मा दबाएको र खोपऱ्यालाई सैपार सुरपाल आदि देवताहरुले सुर्काकालमा हालको असमीकेदार मन्दिरको माथि सल्म्या धुराको ओडारमा छिराएर मारेको लोकगाथा र किंवदन्ति रहेको छ । यसरी अठौति र खोपऱ्यासँगको युद्धमा महत्वपूर्ण भूमिका खेलेको हुनाले ग्वाल्लेक केदारले निङ्लाशैनीलाई बहिनीको रुपमा मान्दै द्यारका वृक्षहरु उपहार दिएको हुनाले ग्वाल्लेकको जङ्गलमा द्यारका रुखहरु अहिलेसम्म पनि पाइदैनन् ।

यसै गरी निङ्लाशैनीसँग जोडिएको अर्को गाथामा अजयमेरुकोट डोटी राज्यका राजा नागी मल्लले राज्यभित्रका शक्ति नभएका देवता मन्दिरहरु भत्काउने र शक्तिवान देवतालाई चिनोबानो दिने गरेको किंवदन्ति पनि छ । देवताहरुको शक्ति परीक्षणका क्रममा राजा निङ्लाशैनी मन्दिरमा गएर देवीको बारेमा सोधपुछ गरेको र शक्तिवान देवी भए मैले भनेको गरोस् भन्दा भनेजस्तै चमत्कार भएपछि ठूलो घण्टी मन्दिरमा चढाएर गएको र उक्त घण्टी अझै देवी मन्दिरमा सुरक्षित छ । क्रमस...

# प्रधानमन्त्री ओलीको चीन भ्रमण र लिपुलेकको सन्दर्भ



**डा. केशव देवकोटा**

प्रधानमन्त्री केपी ओली गत शनिबारदेखि छिमेकी चीनको पाँचदिने अनौपचारिक भ्रमणकाक्रममा हुनुहुन्छ । उहाँ खासमा शांघाइ सहयोग संगठन (एससिओ) प्लसको शिखर सम्मेलनमा सहभागी हुन त्यसतर्फ जानु भएको हो । तर उहाँको यस पटकको भ्रमण नेपालका लागि लिपुलेक प्रशंगले बिशेष चर्चामा रहेको छ । जसले गर्दा उहाँको यस पटकको चीन भ्रमणलाई दुई पाटामा हेर्नु उचित हुन्छ । पहिलो पाटो शांघाई शिखर सम्मेलननै हो । विश्व इतिहासलाई हेर्ने होभने शांघाइ सहयोग संगठनलाई युरेसियाली राजनीतिक, आर्थिक र सुरक्षा गठबन्धन मानिन्छ । जसको स्थापनाको सन् २००१ जुन १५ का दिन चीन, कजाख्स्तान, किर्गिस्तान, रुस, ताजकिस्तान र उज्वेकिस्तानका नेताहरुले चीनको शांघाइमा गर्नुभएको थियो । शांघाइ सहयोग संगठन बडापत्रमा सन् २००२ को जुन महिनामा हस्ताक्षर भएको थियोभने सन् २००३ को सेप्टेम्बर १९ देखि लागूभएको भनिएको थियो । सन् २०१७ को जुन नौमा कजाख्स्तान अस्तानामा आयोजित शिखर सम्मेलनमा जब भारत र पाकिस्तान शांघाइ सहयोग संगठनको पूर्ण सदस्यकारुपमा सम्मिलित भए त्यसपछि सो संगठनको चर्चा बढेको थियो । सो संगठनले यसअघि नै आठ सदस्य राष्ट्रहरुमा आफ्नो सदस्यता विस्तार गरेको छ । सो संगठनको बैठक वर्षमा एकपटक हुन्छ । सदस्य राष्ट्रहरुकाबीचमा सहयोग र समन्वय बढाउन, आतंकवाद र अन्य बाह्य खतराहरुका विरुद्ध र क्षेत्रीय शान्ति र स्थायित्व कायमगर्नका लागि नियमितरुपमा सैनिक अभ्यास पनि हुने गरेको छ । यसलाई भौगोलिक क्षेत्र र जनसंख्याको हिसाबले पनि विश्वको सबैभन्दा ठूलो क्षेत्रीय संगठन मानिन्छ । जसले युरेसिया महाद्वीपको ३/५ भाग र मानव जनसंख्याको आधा हिस्सा ओगटेको चर्चा हुनेगरेको छ । चीन, कजाख्स्तान, किर्गिस्तान, रुस र ताजकिस्तानका राष्ट्र प्रमुखहरुले चीनको शांघाइमा सीमा क्षेत्रहरुमा सैन्य कोषसम्बन्धी सन्धिमा हस्ताक्षर गरेपछि सन् १९९६ अप्रिल २६ का दिन शांघाइ पाँच समूह गठन गरिएको थियो । सन् १९९७ अप्रिल २४ का दिन ती देशहरुले रुसको मस्कोमा आयोजित बैठकमा सीमा क्षेत्रका सैनिक बल घटाउने सन्धिमा हस्ताक्षर गरेका थिए । सन् १९९७ मे २० का दिन तत्कालीन रुसी राष्ट्रपति बोरिस येल्तसिन र चिनियाँ राष्ट्रपति जियाङ जेमिनले बहुध्रुवीय विश्वको घोषणापत्रमा हस्ताक्षर गर्नुभएको थियो । सन् २०१२ को जुन ६ का दिन बेइजिङमा भएको शांघाइ सहयोग संगठनको शिखर सम्मेलनमा अफगानिस्तानले पर्यवेक्षक राष्ट्रको मान्यता प्राप्त गरेको थियो ।

त्यसैगरी सन् २००८ मा बेलारुसले सो संगठनमा साझेदारीका लागि निवेदन दिएको थियो । बिभिन्न बिवादका बाबजुद बेलारुसलाई सन् २००९ को येकातेरिनबुर्ग शिखर सम्मेलनमा सम्वाद साझेदारकारुपमा स्वीकृत प्रदान गरिएपछि यसले सन् २०१५ मा पर्यवेक्षकको मान्यता प्राप्त गरेको थियो । त्यसैगरी सो संगठनमा इरान पर्यवेक्षककारुपमा रहेको छ । त्यसैगरी मंगोलया सन् २००४ को शिखर सम्मेलनमा पर्यवेक्षक मान्यता पाउने पहिलो देश बनेको थियो । सन् २००५ को अस्तानाको शिखर सम्मेलनमा पाकिस्तान, भारत र इरानले पर्यवेक्षक राष्ट्रको मान्यता पाएका थिए । हाल संवाद साझेदारकारुपमा नेपाल, आर्मेनिया, अजरबैजान र कम्बोडिया रहेका छन् । सन् २०१५ को शिखर सम्मेलनमा नेपाललाई सम्वाद साझेदारको स्थान प्रदान गरिएको थियो । प्रधानमन्त्रि केपी ओलीले हिजो सोमबारको आफ्नो सम्बोधनका क्रममा नेपाललाई पूर्ण सदस्यता दिन आग्रह गर्नुभएको थियोभने उहाँले गत शनिबारदेखि नै सो बिषयमा लबिङगर्दै आउनु भएको देखिएको थियो । खासमा शांघाइ सहयोग संगठनलाई अमेरिका नेतृत्वको उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) कै समानान्तर संगठनकारुपमा चर्चागर्ने गरिन्छ । जसमा नेपालको भूमिका बिवादास्पद रहेकाले नेपालले शांघाइ सहयोग संगठनको पूर्ण सदस्यता प्राप्तगर्नका लागि कतिपय प्रतिबद्धताहरुमा हस्ताक्षर गर्नुपर्ने अवस्था रहेको छ । गत असारमा भएको एक सम्मेलनमा बढ्दो भूराजनीतिक तनावबीच प्रतिरक्षा खर्च बढाउने विषयमा उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) का सदस्य राष्ट्रहरु सहमत भएको भनिएको थियो । उक्त शिखर सम्मेलनमा नाटोका सदस्य राष्ट्रका प्रमुखहरुले प्रतिरक्षा खर्च कूल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतसम्म बढाउने विषयमा प्रतिबद्धता जनाएको भनिएको थियो ।

नाटोका महासचिव मार्क रुटले सम्मेलनको पूर्वसन्ध्यामा सबै ३२ वटा सदस्य राष्ट्रलाई प्रतिरक्षा खर्च बढाउने विषयका लागि सहमति जुटाउन प्रयास गर्नुभएको देखिएको थियो । त्यतिबेला नै द गार्जियनसँगको एक अन्तर्वार्तामा महासचिव रुटले युक्रेनमाथि रुसी आक्रमणका कारण धेरै कुराहरु दाउमा रहेको उल्लेखगर्दै नाटोका सदस्यहरु रक्षा खर्च बढाउन सहमत भएको बताउनु भएको थियो । उहाँले सो अन्तवार्तामा विश्वको सुरक्षा अवस्था धेरै परिवर्तन भइसकेको छ, जब प्रतिरक्षाको समय आउनेछ (नाटो सदस्यमाथि हमला भएमा) हामीले सामूहिक प्रयासका लागि गरेका प्रतिबद्धताहरु पूरा गरेको हुनुपर्नेछ । त्यसका लागि हाम्रो तयारी राम्रो हुनुपर्छर भन्नुभएको थियो । उक्त योजनाअन्तर्गत नाटोका सदस्यहरुले जीडीपीको ३.५ प्रतिशत रक्षा खर्चमा र थप १.५ प्रतिशत साइबर सुरक्षा, सैन्य वाहनका लागि सडक तथा पुल निर्माण र गुप्तचरलगायतका व्यापक सुरक्षासम्बन्धी लगानीमा छुट्याउने प्रतिबद्धता जनाएको भनिएको थियो । युरोप र उत्तर अमेरिकी देशहरुको सैन्य गठबन्धनको उक्त वार्षिक शिखर सम्मेलनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, बेलायती प्रधानमन्त्री केयर स्टारमर, क्यानडाका प्रधानमन्त्री मार्क कार्नी, फ्रान्सका राष्ट्रपति इम्यानुअल म्याक्रों, इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनी, युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीलगायत उपस्थिति रहेको थियो । नेदरल्यान्ड्सको हेगमा भएको सो सम्मेलनमा अन्तराष्ट्रिय सुरक्षा व्यवस्थाकाबारेमा बिभिन्न कोणबाट छलफल भएको भनिएको थियो । जहाँ नेदरल्यान्ड्सका पूर्वप्रधानमन्त्री रुटले रुसलाई नाटोका लागि सबैभन्दा महत्वपूर्ण र प्रत्यक्ष खतराकारुपमा वर्णन गर्नुभएको थियो । उहाँले मस्कोले आगामी तीनदेखि पाँच बर्षभित्र नाटोका सदस्यहरुमाथि आक्रमणगर्न सक्ने आंकलन पनि प्रस्तुत गर्नुभएको थियो ।

सम्मेलनमा नाटोको कूल ५० ट्रिलियन डलरको अर्थतन्त्रको तुलनामा आफ्नो दुई ट्रिलियन डलरको अर्थतन्त्र भएपनि रुसले सम्पूर्ण नाटो गठबन्धनभन्दा चारगुणा बढी गोलाबारुद उत्पादन गरिरहेको चर्चा पनि गरिएको थियो । हाल चीनको थियानजिनमा जारी शांघाई सहयोग संगठनको २५ औं शिखर सम्मेलनमा पनि सदस्य राष्ट्रहरुको सुरक्षा र विकास लगायतका बिषयमा छलफल भएको पाइएको छ । जहाँ चीन, रुस र भारतलगायतका अमेरिका बिरोधी राष्ट्रका नेताहरुको जमघट रहेको छ । चीनले एससीओ शिखर सम्मेलनको आयोजना गरेको यो पाँचौं पटक भएको छ । २४ वर्षको इतिहास भएको सो संगठनको इतिहासमा यस पटकको शिखर सम्मेलनलाई सबैभन्दा ठूलो र महत्वपूर्ण मानिएको छ । हुन त आतंकवाद, साइबर अपराधजस्ता खतराहरुको सामनागर्दा कुनै पनि देशले एक्लै सामनागर्न सक्दैन । त्यसैले यस्तो संगठनको आवश्यकता पर्ने हो । बिगत २४ वर्षदेखिनै शांघाइ सहयोग संगठनको सुरक्षाका क्षेत्रमा ठूलो प्रभाव परेको ठानिएको छ । कतिपयले शांघाइ सहयोग संगठनलाई क्षेत्रीय विकासको शक्तिशाली इञ्जिन पनि मानेका छन् । पछिल्ला पाँचबर्षमा चीन र शांघाइ सहयोग संगठनका अन्य सदस्य राष्ट्रहरुबीचको व्यापार क्रमशः तीन खर्ब, चारखर्ब र पाँच खर्ब डलर नाघिसकेको तथ्यांक बाहिर आएको छ । सन् २०२४ मा ५१२.४ अर्ब डलर पुगेको भनिएको थियो । सन् २०२४ मा चीनले अन्य सदस्य राष्ट्रहरुबाट क्रस बोर्डर इ-कमर्स आयात भएको मात्रा सन् २०२३ को भन्दा ३४ प्रतिशतले बढेको तथा नयाँ व्यवसाय र नयाँ क्षेत्र पनि छिटो विकास भइरहेको जनाएको थियो । चीन-किर्गिजस्तान-उज्वेकिस्तान रेलवे परियोजनाको अग्रगति, चीन-रुस प्राकृतिक ग्याँस पाइपलाइन विस्तारजस्ता शांघाइ सहयोग संगठनका आर्थिक सहयोगका ज्वलन्त उदाहरणहरु मानिन्छन् । जसबाट आपसी लाभ र जीत-जीतको आधारमा सदस्य राष्ट्रहरुले संशाधनको अनुकूलन विभाजन र आर्थिक साझा विकास हाशिल गरिसकेको चर्चा पनि हुने गरेको छ । चीनले मध्यएशियाली देशहरुमा २० भन्दा बढी कन्फ्युशियस इन्ष्टिच्युट स्थापना गरिसकेको छ ।

जहाँ हरेक बर्ष शांघाइ सहयोग संगठन सदस्य राष्ट्रका हजारौं बिद्यार्थीहरु अध्ययनगर्न पुग्नेगरेका छन् । मिडिया थिंक ट्यांक शिखर सम्मेलन, युवा आदान-प्रदान क्याम्प, चलचित्र महोत्सवजस्ता गतिविधिहरु आयोजना गरेर संगठनले बिभिन्न देशका जनताहरुबीचको सम्बन्धलाई जोड्ने प्रयास गरेको देखिएको छ । हिजो सोमबारबाट जारी शांघाई शिखर सम्मेलनले विश्वमा बढ्दै गएको अमेरिकी प्रभाव र नाटोका गतिबिधिहरुलाई चुनौती दिने देखिएको छ । भारत र चीनजस्ता दुई ठूला राष्ट्रकोबीचमा रहेर पनि नेपाल अमेरिका लगायतका पश्चिमा राष्ट्रको सुरक्षा छातामा पुगेका कारण शांघाइ शिखर सम्मेलनपछि नेपालमा सरकार र राजनीतिक ब्यवस्थासमेत बदलिन सक्ने संकेतहरु पनि देखिएका छन् । बढ्दै गएको अमेरिकी गतिबिधिलाई तत्काल न्युनगरेर नेपाल चीन र भारतसँगको साझेदारीमा अगाडि बढ्नुपर्ने अवस्था रहेको छ । प्रम ओलीले चीनका राष्ट्रपतिसँग नेपालको लिपुलेककाबारेमा प्रश्न उठाउनु भएकोभनेर जुन प्रशंग बाहिर आएको छ, त्यसलाई किनारा लगाउन पनि नेपालले अन्तराष्ट्रिय क्याम्प परिवर्तन गर्नुपर्ने अवस्था छ । यस पटकको प्रम ओलीको चीन भ्रमणलाई उपरोक्त घटनाक्रमहरुको सेरोफेरोमा हेरिनु बढी उपयुक्त हुने देखिएको छ । नेपालले आफ्नो अन्तराष्ट्रिय संलग्नता र रणनीति परिवर्तन गरेपनि नगरेपनि यहाँ राजनीतिक संकट बढेको र छिट्टै केही परिवर्तनहरु हुनसक्ने देखिएको छ । यो आजका सन्दर्भमा देशभक्त नेपालीहरुका माझमा छलफलको बिषय हुनुपर्दछ ।

# मुक्तक लेख्ने प्रयासहरू – रिस र आह्रीसलाई पर पालेर हेर



भला कुरा मिठा बचन आजभोलि चर्को लाग्छ
नसोध्नुस् भो के छ भनि बोल्नै पनि झर्को लाग्छ
घाऊ लुकाई मुस्काउँछु देखाऊँ पनि को नै छ र ?
नुन - चुक छर्न यहाँ आफन्तकै लर्को लाग्छ ।

**- प्रेम कटवाल**



देशको लागि अब यस्तो एउटा जित बन्नु पर्छ
प्रत्येक नेपालीको लागि जीवन गित बन्नु पर्छ
यदि सबै मिली राष्ट्र समृद्ध बनाउँनु छ भने
सबै नेपालीको मन राष्ट्रप्रति समर्पित बन्नु पर्छ ।

**- लक्ष्मी नेपाल**



अब सपनाभित्र खुशीहरु खोज्ने बानी हराएछ
सालै पिच्छे उमेर गन्दा गन्दै जवानी हराएछ
चुनौतिको पहाडहरु बोक्दै उक्लिएको उकालीमा
समयसङ्ग पौंठाजोरी खेल्दाखेल्दै सिरानी हराएछ ।

**- उषा केसी**



फलामलाई सून जस्तै गालेर हेर
आफैभित्र खुसीलाई ढालेर हेर,
जीन्दगीको सुखद् क्षण बुझ्नु छ भने
रिस र आह्रीसलाई पर फालेर हेर ।

**- गीताश्री शर्मा**



यो छातीको ब्रह्माण्डमा धेरै कुरा आँटनु पर्छ
मनमा वैरी भाव जन्मे त्यसलाई छाँट्नु पर्छ ।
सत्य र असत्यको द्वन्द पर्दा मस्तिष्कमा
रक्षा गर्न सत्यताको कहिले काँही ढाँट्नु पर्छ ।

**- मोहन गौतम, सिक्किम**



दिल दिमाख तिम्रा पछि लागेका छन्
के छ खै तिमीमा र पनि मागेका छन्
मात्र एक पाइला मेरो खातिर बढायौ,
हस्याङ्ग फस्याङ्ग दुःख यी भागेका छन् !

**- अम्विका अधिकारी**



मैन झैं पग्लिएर उज्यालो दिन्छु भन्नू हुँदैन
कम्जोरलाई हेपेर सर्बस्व लिन्छु भन्नू हुँदैन
दुई दिन बाँच्नुछ के हुन्छ अहमता देखाएर
थोरै सफलतामा संसारनै किन्छु भन्नू हुँदैन ।

**- योगेस नेपाल**



सधैंभरि फोहोरी राजनीति खेल छन् यहाँ
भ्रष्टाचार अन्याय बलात्कारको भेल छन् यहाँ
कोभन्दा को कम भन्दै अघि बढ्न दिदैनन् कहिल्यै
राम्रो गर्न खोज्नेको खुट्टा तानी झेल् छन् यहाँ

**- विश्वनाथ श्रेष्ठ**



धेरै भयो आजकाल हाम्रो बोलचाल भाको छैन
यहाँ कुनै पनि कुरामा हाम्रो सबाल भाको छैन
अरे थिए धेरै माध्यमहरू सुख दुःख पोख्ने बाटो
किन टुट्यो एकाएक, हाम्रो सञ्जाल भाको छैन

**- उर्मिला कार्की**



बिदेश गएर असमान सम्झौतामा करार गर्छन्
फर्किय पछि जनता सँग सधैभरि ईन्कार गर्छन्
धेरैजसो नै उस्तै बिदेशीका दलाल भए नेताहरू,
यिनी देशका न जनताका, पैसासँग प्यार गर्छन् ।

**- सुरेशकुमार पाण्डे**

# नेपाली भाषाप्रेमी ५३ संस्थाको संयुक्त विज्ञप्ति

नेपाली भाषाप्रेमी त्रिपन्न संस्थाले संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरेर सवारी नम्बर प्लेटमा ससम्मान नेपाली अक्षर प्रयोग गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

नेपाली भाषाप्रेमी नागरिक, साहित्यिक/सांस्कृतिक सङ्घसंस्था र सरोकारवाला कसैसँग पनि कुनै प्रकारको छलफल, सरसल्लाह र परामर्श नगरीकन नेपाल सरकारले एकतर्फी निर्णय गरी अङ्ग्रेजी अक्षर मात्र लेखिएको इम्बोस्ड नम्बर प्लेट लागू गर्न जबर्जस्ती गर्न लागेको कदमप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालभित्रैका सवारीसाधनहरूमा प्रयोग हुने नम्बर प्लेटबाट नेपाली अक्षरलाई अपमानपूर्वक हटाइनु नेपालको संविधान, सरकार आफैंले निर्णय गरी राजपत्रमा निकालेको सूचना र आम नेपाली जनताको मर्म र भावना विपरीत भएकाले तत्काल यो भाषाघाती निर्णय सच्याई नम्बर प्लेटमा ससम्मान नेपाली अक्षर प्रयोग गर्न सरकारको ध्यानाकर्षण गराएका छौं ।

यदि यो निर्णय नसच्चिए यसबाट उत्पन्न हुने सबै परिणामप्रति सरकार नै जिम्मेवार हुनुपर्ने कुरा पनि अत्यन्तै गम्भीरता र जिम्मेवारीपूर्वक सरकारलाई यही विज्ञप्तिमार्फत् अवगत गराउँदछौं ।

विज्ञप्तिमार्फत सरकारलाई झकझक्याउने ५३ नेपाली भाषाप्रेमी संस्थाहरुमा छन्-

राधेश्याम लेकाली
अध्यक्ष, साहित्यिक पत्रकार सङ्घ
मोहन दुवाल
अध्यक्ष, नेपाल साहित्यिक पत्रकार सङ्घ
विजयराज आचार्य
अध्यक्ष, नेपाल बालसाहित्य समाज
श्रीओम श्रेष्ठ "रोदन"
अध्यक्ष, नेपाल स्रष्टा समाज
जलेश्वरी श्रेष्ठ
अध्यक्ष, गुन्जन
पद्मावती सिंह, कोषाध्यक्ष
शंकर लामिछाने प्रतिष्ठान
प्रतीक ढकाल
अध्यक्ष, पर्वतीय साहित्य समाज
प्रद्युम्न जोशी
स.सचिव, वासु शशी स्मृति परिषद
तुलसीहरि कोइराला
अध्यक्ष, लघुकथा समाज नेपाल
पवन आलोक
सम्पादक, अभिव्यक्ति द्वैमासिक
गार्गी शर्मा
महासचिव, नेपाल साहित्य मन्दिर
किशोर पहाडी
प्रधान सम्पादक, शब्दपथ
रामकाजी कोने
अध्यक्ष, नेपाल मुक्तक प्रतिष्ठान
मोमिला जोशी
अध्यक्ष, नेपाली कला साहित्य डटकम
विमल भौकाजी
सम्पादक, शारदा मासिक
मन्जिला अनिल
अध्यक्ष, सखी प्रतिष्ठान
डा. सावित्री श्रेष्ठ
संरक्षक, अक्षलोक केन्द्र
मिथिला शर्मा
अध्यक्ष, चेतन कार्की स्मृति समाज
शङ्कर भारती
अध्यक्ष, उपन्यास समाज नेपाल
उमेश पाण्डे
अध्यक्ष, संसाक, इसंसाक.कम
भवानी खतिवडा
महासचिव, नियात्रा समाज नेपाल
रन्जना निरौला
अध्यक्ष, यशस्वी प्रज्ञा-प्रतिष्ठान
रमेश खनाल
निर्देशक, अरुपण आर्ट ग्यालरी
बुद्धिमान महर्जन
अध्यक्ष, लालित्य सिर्जना समाज
शान्ति न्यौपाने रिसाल
अध्यक्ष, गोकर्णेश्वर कला साहित्य
हरिमन्जुश्री
अध्यक्ष, शब्दयात्रा प्रकाशन
जलेश्वरी श्रेष्ठ
अध्यक्ष, जलरिका सा. प्रतिष्ठान
गीता कार्की
अध्यक्ष, नारी साहित्य प्रतिष्ठान
सुभद्रा दाहाल
अध्यक्ष, पनौती साहित्य समाज
हिरण्यकुमारी पाठक
सम्पादक, नारी स्वर द्वैमासिक
विजयध्वज थापा
अध्यक्ष, लीलाध्वज प्रतिष्ठान
छविरमण सिलवाल
अध्यक्ष, सुनकोशी वाङ्मय
विश्वविमोहन श्रेष्ठ
अध्यक्ष, एपेक नेपाल
कृष्ण प्रसाईं
अध्यक्ष, जरा फाउन्डेसन, नेपाल
विनोद नेपाल
अध्यक्ष, भूगोल साहित्य समाज
डा. शैलेन्दुप्रकाश नेपाल
अध्यक्ष, पूर्णप्रकाश अनुसन्धान केन्द्र
सिर्जना दुवाल
सचिव, जनमत वाङ्मय प्रतिष्ठान
धीरकुमार श्रेष्ठ
प्रधान सम्पादक, शब्दाङ्कुर मासिक
रमेश दाहाल
सम्पादक, अनेसास दर्पण
जयदेव भट्टराई
सम्पादक, आरब्ध द्वैमासिक
डा. दामोदर पुडासैनी
अध्यक्ष, प्रतिभा पुरस्कार कोष
विक्रमभक्त जोशी
अध्यक्ष, प्रभुभक्त-छोरी नानी
रामप्रसाद पन्त
अध्यक्ष, दायित्व वाङ्मय प्रतिष्ठान
लक्ष्मी उप्रेती, सम्पादक, वनिता
सुनिल अधिकारी,
अध्यक्ष, हातेमालो साहित्य संगम
निलान्जला भारद्वाज
अध्यक्ष, मुक्तालय नेपाल
डा. बमबहादुर जिताली
अध्यक्ष, मन्जुश्री साहित्यिक समाज
मदन नेपाल
अध्यक्ष, हामी र हाम्रो कृति समाज
ममता मृदुल
अध्यक्ष, नारी स्रष्टा समाज
भानुप्रकाश जोशी
उपाध्यक्ष, ललित साहित्य समाज
मीनदेवी कार्की
अध्यक्ष, सङ्गीत देवालय
डा. विष्णुकुमार खत्री
सचिव, नेपाली वाङ्मय प्रतिष्ठान
अनुपमा रेग्मी, चारुशीला वाङ्मय

# पत्रकार महासंघको अल्टिमेटम



१३ शुक्रबार, नेपाल पत्रकार महासङ्घद्वारा अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरणका अवरोध हटाउन आग्रह गर्दै नेपाल पत्रकार महासङ्घले अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरणको काम तत्काल खुलाउन सरकारलाई ७२ घण्टाको अल्टिमेटम दिएको छ । महासङ्घका अध्यक्ष निर्मला शर्मा नेतृत्वको पत्रकारसहितको प्रतिनिधि मण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङ समक्ष यस्तो ज्ञापनपत्र बुझाएको हो ।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा अवरूद्ध दर्ता, नवीकरण सुरू नभए महासङ्घ आन्दोलनमा उत्रने उल्लेख गरिएको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री गुरूङले अनलाइन सञ्चारमाध्यमलाई परेको असहजता अन्त्य गर्न सङ्क्रमणकालीन व्यवस्था गरिने र तत्काल नयाँ नियमावली पनि ल्याउने आश्वासन दिएका छन् । मन्त्रालयका सचिव राधिका अर्यालले सञ्चारमाध्यम दर्ता र नवीकरण सहज बनाउन पहल गरिने जानकारी दिएकी छिन् ।


छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ संशोधन गरी अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण स्थानीय प्रशासनमा गर्ने व्यवस्था पछि देशभर अनलाइन सञ्चारको दर्ता, नवीकरण र सञ्चालन अवरूद्ध छ । मन्त्रीले सकारात्मक जवाफ दिएका छन् ।

# अछुत जून (कवितासङ्ग्रह)



*अरूणबहादुर खत्री*

साहित्यकार रुबि सत्यालको अछुत जून नामक कवितासङ्ग्रह २०७६ सालमा प्रथम कृतिको रुपमा प्रकाशित भएको छ । यो कवितासङ्ग्रहमा प्रश्नहरुको घेराबन्दी, आशाकुशाकी आशानी, अछुत जून, अल्पज्ञान, एउटा दर्पणको आविष्कार लगायत विभिन्न शीर्षकका ३१ वटा कविताहरु सङ्गृहीत छन् । प्रश्नहरुको घेराबन्दी शीर्षकको पहिलो कवितामा प्रश्नहरुको घेरामा कैद भएर बाँचिरहेको छु म एउटा अभिशप्त जिन्दगी भनेर कवयत्री रुबिले लेखेकी छिन् । फुकुहोकाले हिउँकै सिरानी हाले पनि रापिलो र तापिलो लागिरहेछ तिम्रो समिप्यता आशाकुशाकी आशानी कविताले भनेको छ ।




फन्फनी घुमिरहेको छ
मनको मदानी

अछुत जूनमा सङ्ग्रहीत कविताहरुको मूल स्वर देश भक्ति, प्रकृतिको महिमागान र मानवीय चरित्रको समुद्घाटन हो । बालमानसमा जकडिएको एउटा कुरुप कथनले आज पनि हल्लाइरहेको छ कवयित्री रुबिको मन अछुत जून कवितामा । ठूलो घर बनाउनेको श्रम र सानो गुँड बनाउनेको श्रममा के फरक हुन्छ ? भनेर कवयित्री रुबिले श्रमको कारखाना शीर्षकको कवितामा सोधेकी छिन् ।

म रुँदा आकाशमा चम्किरहेको जून देखाउँदै
आमा भन्नुहुन्थ्यो,
उ जूनमामा हेर त !

कवयित्री रुबिलाई साहित्य मन पर्छ साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछिन् । रुबिले लेखेका कवितामा जीवनको ध्वनि छ । त्यस ध्वनिले आफ्नो माटो, संस्कार, सभ्यता र पसिनालाई बढी स्पर्श गरेको बोध हुन्छ कविता पढ्दै जाँदा । उनले लेखेका कविताहरु मार्मिक, सुन्दर र प्रभावशाली छन् । शैलीमा निजत्व प्रवाहित रहेको पाइन्छ भने चिन्तन पक्ष विशेष देखिन्छ । कविताहरु प्रतिकात्मक छन् । प्राकृतिक र सांस्कृतिक बिम्बहरुले कवितालाई रोचक बनाएको छ । अछुत जून, एउटा दर्पणको आविष्कार, बाडुली, फूलमाया, गुनासो शीर्षकका कविताहरुले नेपालको नयाँ प्राकृतिक सौन्दर्यको उद्‌बोधन गरेका छन् ।

पहिलोपल्ट तिमी रोएका थियौ
आजकै दिन
जुनदिन म हर्षले विभोर हुँदै
मुस्कुराएकी थिएँ ।

भोकले चपाएका अनुहारहरु एकोहोरो हेरिरहेछन् अघाएका अनुहारमा भनेर भोकको औषधी शीर्षकको कवितामा लेखिएको छ । सौन्दर्यको अर्थ थाहा नहुँदै सुन्दरताको मादकता नपलाउँदै मोहकताको मन्त्र नजान्दै दर्पणको अगाडि उभिनुको मज्जा बेग्लै थियो भनेर कवयित्री रुबिले एउटा दर्पणको आविष्कार शीर्षकको कवितामा लेखेकी छिन् । गरिरहेछ बगरले पानीलाई प्रेम गरिरहेछ सुवासले फूललाई प्रेम गरिरहेछ पातले हाँगालाई प्रेम गरिरहेछ चौतारीले बटुवालाई प्रेम गरिरहेछ धर्तीले आकाशलाई प्रेम भनेर कवयित्रीले मौन प्रेम शीर्षकको कवितामा लेखेकी छिन् ।

लप्सीको अचारमा सिलामको छोप हालेजस्तो
कस्तो मीठो थियो तिम्रो चट्पटे बोली
आज टिमुरजस्तो बनेर पर्पराइरहेछ
छातीभरि !

फूलमाया शीर्षकको कवितामा गगनचुम्बी कौसीमा तिमीले फ्याकेको सेतो धुँवा उड्दै उड्दै गए पनि तिम्रो छातीको चोली कुहिरीमण्डल हुँदै गयो त्यो जलेर कोइला भएको पत्तो पाउँथ्यो त भनेर कवयित्री रुबिले लेखेकी छिन् । कवयित्री रुबिले सिर्जना गरेका कविताहरु यस कृतिभित्र बेजोडले कुदिरहेको देख्न पाइन्छ । कविको मन अत्यन्त कोमल हुन्छ, संवेदनशील हुन्छ त्यसैले ऊ सूक्ष्मभन्दा सूक्ष्म कुराहरुलाई नजिकबाट नियाल्न सक्छ । त्यसैले उसले कविता लेख्न सक्छ । कवयित्री रुबिले इमान्दारीपूर्वक निर्भीकताका साथ आफ्नो सभ्यता र संस्कृतिका साथै यावत् जीवनको जटिलतम गूढ रहस्यलाई प्रकृति, कला, विचारको माध्यमबाट सशक्त रुपमा अभिव्यक्ति दिएकी छिन् । उनले लेखेका कविताहरु स्तरीय र तिख्खर बन्दै गरेका छन् ।

साँच्दा साँच्दै पनि साँच्न सकिन
तिमीले स्वयम्बरमा लगाइदिएको
हिराको औँठी !

कवयित्री रुबिको हृदय भावुक छ । साँच्चै भन्ने हो भने रुबिद्वारा लेखिएका कविताहरुको भाषा सरल छ । सरल शब्दमा उनिएका कविताहरु पढ्नमा जति सजिलो हुन्छ त्यसैगरी बुझ्न समेत कठिनाइ पर्दैन भन्ने भनाई पाठक वर्गको देखिन आउँछ । अन्त्यमा उनका अन्य राम्रा राम्रा कविता सङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

कृतिकार: रुबि सत्याल
कृति: अछुत जून (कवितासङ्ग्रह)
प्रकाशक: ए.डी.बी.पब्लिकेशन प्रा.लि.
संस्करण: पहिलो, वि.सं.२०७६ असार
मूल्य: रु.२४० ।- पृष्ठ: ९८

**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र लेख, रचना, समाचार र बिज्ञापन पठाएर सहयोग गरौं ।




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# गरीब नेताहरु, कसरी धनी भए ?

नेता गरीब हुनुपर्छ भन्ने होइन, प्रश्न हो- ०४६ सालसम्म आर्थिक स्थिति नाजुक भएका नेताहरु आज कसरी धनाढ्ये भए भन्ने हो ?

राजनीति सेवा हो, पैसा कमाउने व्यापार वा पेशा होइन । तर राजनीति गर्ने नेताहरुमा आर्थिक सम्पन्नताको कायापलट भएको छ । राजनीति गर्दैमा, सत्तामा पुग्दैमा, एकाध संवैधानिक वा अन्य पदमा नियुक्ती पाउँदैमा नेताहरु कसरी धनी हुन्छन् ? राजनीति भनेको टक्सार त होइन ? फेरि ०४६ सालमा तन्नम हालतका नेताहरु आज कसरी सम्भ्रान्त बने ? तिनै नेताहरु ०६२ सालमा आन्दोलन गर्न पुगे, पद्धति परिवर्तन भयो, तिनैले आज पनि शासन गरिरहेका छन् । आज त स्थिति यस्तो छ कि नेतामात्र होइन, तिनका कार्यकर्ता, आफन्त पनि नवसम्भ्रान्त बनिसकेका छन् ।

देशमाथि २७ खर्बको ऋण लाग्ने । देशमा भ्रष्टाचारका डरलाग्दा डरलाग्दा काण्ड घट्ने, कानुनी दण्डसजाय कसैले नपाउने, नवधनाढ्ये राजनीतिक बर्गको उदय हुँदैजाने तर देश र देशवासी झन झन गरीब भएर बाँच्नुपर्ने, बस्नुपर्ने, यो कस्तो पद्धति हो ? यस्तो पद्धतिले शान्ति, समृद्धि, सुख दिन्छ भनेर यिनै नवसम्भ्रान्त नेताहरु भाषण गरिरहेका छन् । भ्रम छरिरहेका छन् । नागरिक तिनै नेताका नक्कली भाषण सुनेर बसिरहेका छन् । बहुदलपछिको ३७ वर्ष, लोकतन्त्रपछिको १८ वर्षमा राजनीति गर्ने र प्रशासकहरु धनाढ्ये बनेका छन् । तिनले अरवौं भ्रष्टाचारको रकम विदेश लगेका छन्, स्वीस बेंकमा समेत राखेको प्रमाणहरु लिक भइसकेको छ । राजनीति गर्ने व्यक्ति कालाव्यापारीभन्दा धनाढ्ये बन्नु भनेको निश्चित रुपमा तिनले सेवाका नाममा नकाम गरेका छन्, नैतिकहीन बनेका छन् । तैपनि मौनता छ, नेपाल अचम्मको परिस्थितिबाट गुज्रिरहेको छ ।

अचम्म छ, समाजवाद, सर्वहारावाद, राष्ट्रवादका नाममा राजनीति गर्नेहरुको वर्तमान जीवनशैली अरवको शेठको जस्तो छ । राजा महाराजाको भन्दा कम छैन । समाज बदल्नु, नयाँ नेपाल बनाउँछु भन्ने नेता र सेवाग्राहीलाई सेवा दिन्छु भनेर जागीरदार बनेका व्यक्तिहरुको जीवनशैली सुख, सुविधायुक्त देखिन्छ । तिनका परिवारजनले समेत सुन, सुख, सम्भ्रान्तपन देखाइरहेका छन् । सबैको आँखा अगाडिको यो सत्य छानबिन हुँदैन । किनकि कानुन राजनीतिको खेलौना बन्नपुग्यो । देशमा भ्रष्टाचार भइरहेको छ । देश रसातलतिर गइरहेको छ । देशको आर्थिक ढाड भाँचिएको छ । नेपाल श्रीलंकाको जस्तो आर्थिक हाहाकारमा पुग्ने र देशै असफल हुने खतरा सबैले देखेका छन् । देश कमजोर र नाङ्गो हुने, व्यक्ति धनाढ्ये र सम्भ्रान्त बन्ने कसरी भयो ? यो आजको यक्ष प्रश्न हो र यो सवालको जवाफ खोज्नै पर्छ । खोज्ने नागरिकले हो, बुद्धिजीवी र समाजले हो । कुराले विधिको शासनको भाषण गर्नेहरु नै भ्रष्टका पिछलग्गु बनेका छन् ।

अग्रगमनकारी राजनीति गर्ने, शान्ति र प्रगति गर्ने वाचासहित परिवर्तन गरिएको थियो । आफ्नै बचन तोडे । देश बिगारेर आफू बन्ने काम गरे नेताहरुले । परिवर्तन त भयो, नेता र तिनका वरिपरिका व्यक्तिहरुको मात्र भयो, आमनागरिक आज पनि हाहाकारको जीवन बिताउन बाध्य छन् । शिक्षा, स्वास्थ्य, दैनिकी जीवन साह्रै कष्टकर भएको छ । परिवर्तन जनताका लागि कौवालाई बेल पाकेसरह भयो । सराप नै बन्नपुग्यो । आन्तरिक द्वन्द्व, विदेशी हस्तक्षेप, बढ्दो भ्रष्टाचार र शासक प्रशासकको नैतिकहीनताले देशको स्थिति बिग्रदै गएको छ । नेता र प्रशासक कसरी धनी बने भन्ने विषय नकेलाउने हो भने देश असफल हुने दिन टाढा छैन ।

# लेण्डुपझैं बदनाम हुन्छन् पार्टी शासकहरू




राष्ट्रवादको स्तरमा खरो उत्रन नसकेका पार्टी सञ्चालक, नेताहरुलाई भविष्यले लेण्डुप भनेर सम्झने छन् । राम्रो काम गर्न सकेको भए नेताहरु जनताको नजरमा हाइ हाइ हुनेथिए, आज जनताले नेताहरुलाई घृणा गर्छन्, घृणाको स्तर बृद्धि हुँदै गएको छ नेपालका शासक प्रशासकहरुप्रति ।

राजालाई निरंकूश भनेर गालीगर्नेहरुले शासनसत्ता चलाएको ३८ वर्ष भयो । यिनीहरु राजाभन्दा निरंकूश बन्नपुगेका छन् । यिनले देश चलाएको ३८ वर्षमा राष्ट्रिय मुद्दाहरुको किनारा लागेनन् । बहुदल र लोकतन्त्रले राष्ट्रिय मुद्दाहरुलाई झन पेचिलो बनाइदिए । नेताहरुको इज्जत देशमा रहेन, देशको इज्जत अन्तर्राष्ट्रिय स्तरमा खस्कदै गयो । ०४६ सालका नेताहरु ०८२ सालमा पनि शासनमा छन्, पालैपालो शासन गरिरहेका छन् । यिनले के के काम अग्रगमनकारी गरे ? केही पनि छैन । राजाले बनाइदिएको पूर्वाधारलाई बेचेर खाए, तिनै पूर्वाधारमा टेकेर उभिएका छन् । केही गर्न नसक्नेले राजालाई गाली गर्ने ? जनताको प्रश्न छ । बिगतबाट त शिक्षा लिने हो । बिगतलाई सराप्ने होइन । वर्तमानमा आफूले काम गर्ने हो, भविष्यलाई सम्झना लायक बनाउने हो । इतिहासमा कलंक बन्ने होडबाजी गरिरहेका छन् लोकतन्त्रका शासक प्रशासकहरु । जो लोकलज्जाबाट डराउँदैन, भ्रष्टाचार गर्न गर्व गर्छ, सुकर्म गर्दैन, जनअपेक्षाको बेवास्ता गर्छ, त्यो बर्गले अरुको आलोचना गरेको सुहाउँदैन ।

यी राजनीतिका नामका जुका प्रवृत्तिका नेताहरु इतिहासलाई सराप्नू, आकाशतिर फर्केर थुक्नुजस्तै हो । यस्ता शासक भविष्यमा लेण्डुप भनेर चिनिनेछन् । नाम सुन्दैमा छिःछिः हुनेछन् । प्रकृति हो यो- दाँतै नहुने लाटोकोसेरोले के खाएर बाँच्छ होला ? खानलाई चरा, मुसा खान्छ । त्यसैले उसले जे खान्छ, सिंगै सुलुत्त सुलुत्त निल्छ । राजनीति लाटोकोसेरो हुनसक्दैन । राजनीतिले गर्ने सेवा हो, दिने योगदान हो । त्याग र बलिदान हो ।

तर नेपालको राजनीति लाटोकोसेरो भइसक्यो । जे देख्यो, पायो खान्छ, खाएपछि पचाउँछ । दिनभरि भ्रष्टाचार गर्छ, अपराध गर्छ, रातभरि खाइरहन्छ । लुटतन्त्र बन्यो लोकतन्त्र ।

राज्यको पाचन प्रणाली भनेको विधि हो । संविधान हो । विधिविधानलाई जे खायो पचायो राजनीतिकरण गरिसकेकाले विधि पनि छैन, संविधान पनि छैन । नीति पनि छैन, निष्ठा पनि छैन । सिद्धान्त पनि छैन, जनताप्रति उत्तरदायित्व पनि छैन । राजनीति छाडा बन्दैगयो । लाटोकोसेरो चरा, मुसा सुलुत्तै निल्छ, हाम्रो राजनीति अनैतिकता पचाउँछ । नेतृत्वलाई लाज शरम, घीन केही पनि लाग्दैन । इमान छैन नेतृत्वमा ।

हिजोको चप्पले नेता आज पजेरो चढ्छ, एक कप चियाका लागि चियापसलमा विहानै पुग्ने नेता आज महलमा बस्छन् । सांसद भयो कि मन्त्री, मन्त्री भयो कि प्रधानमन्त्री । ५ पटकसम्म प्रधानमन्त्री बन्ने शेरबहादुर देउवामा कुन ल्याकत र ताकत होला ? उनीभन्दा सत्ता सञ्चालनमा गिरेका कुनै व्यक्ति नै छैनन्, फेरि उनी कसरी ५ पल्ट प्रधानमन्त्री बन्न सके । उनको भनाई छ- मलाई जनताले भोट दिन्छन्, जिताउँछन् त म के गरुँ ? जनता किन जनतातिर नहेर्ने नेतालाई चुनाव जिताउँछन् ?

बन्न त काठमाडौं र रौतहटबाट चुनाव हारेका माधव नेपाललाई पनि नेतागणले प्रधानमन्त्री बनाए । सर्वहारावाद ल्याउँछु भन्ने माओवादी प्रचण्ड प्रचण्डपथ निर्माण गर्छु भनेर ३ पल्ट प्रधानमन्त्री बने । प्रधानन्यायाधीश नै प्रधानमन्त्री पनि बनेको नजीर छ लोकतन्त्रमा । यस्तो देशमा को सांसद, मन्त्री बन्यो, प्रधानमन्त्री बन्यो, के चर्चा गर्नु ? चर्चा गर्न लायक नै छैनन् ।

किनकि नेपालमा हरेक पद विक्रीमा छन् । लोकतन्त्रवादी हुँ भन्ने पार्टीहरु हरेकले पद बेचेका छन् । पदनको दुरुपयोग गरेका छुन । सांसद पद समेत दाइजोमा दिएको उदाहरण पनि छ । राज्यलक्ष्मी गोल्छाले त ७ करोड दिएर सांसद बनेकी थिइन् । अनेक तीता अनुभूति छन् ।

नेपालको राजनीति व्यवसाय बन्यो । लाटोकोसेरो बन्यो । नेपालको भविष्य निर्माणमा राजनीति ऐंजेरु बन्यो ।

पञ्चायत खराव भनेर बहुदल ल्याइयो, बहुदल-राजतन्त्र-हिन्दुधर्मले विभेद बढायो भनेर लोकतन्त्र ल्याइयो । लोकतन्त्रको १८ वर्षमै स्पष्ट भयो- यो त लूटतन्त्र रहेछ । नेताजति लाटोकोसेरो चरित्रका निस्के, लाटोकोसेरो तन्त्र चलाए । यो सबै देखेर अमेरिकाले भनेको हो- नेपाली नेता फ्रड छन् । विश्व आर्थिक जगतले नेपालमाथि ग्रेलिस्टमा सूचीकृत गरिदिएको छ । तैपनि नेताहरु भन्छन्- २०२६ मा हामी विकाशशील हुँदैछौं ।

प्रजातन्त्रका प्रवर्तक अब्राहम लिंकनले भनेका गएका थिए- कुशल शासक भविष्यको चिन्ता गर्छन्, राजनीतिज्ञ आगामी चुनावको मात्र चिन्ता गर्छन् । हो, नेपाली गरीब छन्, सबै सत्य बुझेका छन् तर बाध्यतावश तिनैलाई चुन्छन् जो जनवादीका नाममा जनघाती छ । समाजवादीका नाममा समाजविरोधी छ । राष्ट्रवादका नाममा राष्ट्रघाती छन् ।

त्यसैले त मौसम मौसममा ट्यूनिक फेर्छन्, पर्व पर्वमा राष्ट्रवादी बन्छन् । मजाले धुलो उडाउँछन् र आफू वातानुकुलित कोठामा बसेर चौरासी व्यञ्जन खान्छन् । जो सिंहदरवारमा बस्छन्, तिनले झोपडीको कथा, जो सहरमा बस्छन्, तिनले गाउँका व्यथा कसरी बुझ्न सक्छन् र ? जो विदेशीसँग रातरात भर रमाइलो गर्छन्, तिनले न सीमा अतिक्रमणमा बोल्छन्, न डुबानमा । विदेशीले कहिले गोली हान्छ, कहिले तुइन चुडालेर मार्छ, नेपाली दिदीबहिनी, दाजुभाइलाई दिनदिनै खुला सीमामा बलात्कार गर्छ, लुट्छ, तिनले देख्दैनन् । यिनका लागि चीन र भारतले लिपुलेकबाट यातायात चलाउनु, व्यापार गर्नु, कैलाशमानसरोवरको तीर्थयात्रा पर्यटन चलाउनु ठूलो कुरा होइन । यिनलाई देशको माटोको महत्व नै थाहा छैन । लिपुलेक, लिम्पियाधुरा,, कालापानी नेपाली भूभाग हो । भारतले हत्याइसक्यो, यिनीहरु संसदमा बहससम्म गर्दैनन् । यिनलाई स्वार्थको चिन्ता छ, देशको अस्तित्वको होइन । जनअपेक्षाको होइन ।

यी सब नेता भन्छन्- हामी लोकतान्त्रिक देशभक्त हौं । यिनको बुझाइमा लोकतन्त्र भनेको राष्ट्र चुहिनु र नेतृत्व तुहिनु हो । यस्तो तुहिएको नेतृत्वले देश बनाउँदैन । अब नेपालीले बुझ्नुपर्छ । बुझ्न अवेर गर्नु हुँदैन ।

जो समाजवादको नारा उराल्छ र समाज बिथोल्छ । जो राष्ट्रवादको गीत गाउँछ, ऊ राष्ट्र नै बेच्छ । जो सर्वहाराको नारा लगाउँछ, ऊ सर्वआहारा खान्छ । बर्जित फल खाने सिद्धान्तहीन व्यक्तिहरु देशको शक्ति बनेका छन् । नीति र सिद्धान्तहीन भनेको राजनीतिक बहुलापन हो, यो बहुलापनले जे पनि बोल्छ, जे पनि गर्छ । देशलाई संकटमा पार्छ ।

नेपालका सन्दर्भमा आधुनिक डाइनासोर हुन् राजनीतिक दलहरु । डाइनासोर आपसमै लड्दैमा सखाप भए । हाम्रा नेताहरु पनि आपसमै लडीरहेका छन् र सखाप हुने क्रममा छन् । प्रश्न यत्ति छ, कतै यिनले आफू सखाप हुँदा देश सखाप नपारुन् ।

१२६ (१३२ ?) जाति छन् देशमा । १२-१५ जातिले शासन गरिरहेछन् । समावेशीताको नारा यिनै घन्काउँछन् । कुनै जाति जंगलमा गिठ्ठा भ्याकुर खाएर बाँचिरहेको छ, अधिकांश जाति गरीवीको रोगले जन्मन्छ र किराफट्याङ्ग्रा मरेझैं मरिरहेका छन् । तिनका लागि सरकार र समानता संविधानको अक्षरमा लेखिएको अक्षर बाहेक कतै केही छैन । तिनको मानवाधिकार, राष्ट्राधिकार, सार्वभौमिक अधिकार, बाँच्ने आधारभूत अधिकारको लागि कुन नेता लड्यो ? गाउँपालिकासम्म पुगेको सिंहदरवार पनि अनियमितता र भ्रष्टाचारकै पोखरीमा भैंसी आहाल बसेझैं बसेको छ । नेपाल दण्डहीन थियो, ठग बन्यो, मानवाधिकारविहीन बन्दैछ ।

जो समाजवाद, राष्ट्रवाद, सर्वहाराका नाइके थिए, तिनीहरु पालैपालो सत्तामा गए । मुहार चम्किलो बनाए । रोगको उपचारसमेत राज्यकोषबाट खर्च गराए । आफ्ना र परिवार, आफन्तका लागि सात पुस्तालाई पुग्ने सम्पत्ति जोडजाम गरे । स्थिति यतिसम्म देखियो कि अव त केही दिन आराम गर्न सिंगापुर, बैंकक, दुवई जाने र सिंगो परिवार नै बोकेर वाटर वाथ गर्न समेत विदेश हुइँकिने । सकेसम्म राज्यदोहन गर्ने । पार्टी बैठक रिसोर्टमा गर्ने, ठूला होटलमा महानगरका गोष्ठी हुनथालेका छन् । लुट्न सके लुट, अरु देशमा पाइदैन यस्तो छूट भनेको यही हो । यिनकै सन्तानले यसपटक पनि तीज मनाए । यिनको तीज गीत, नाचले समाजको नाक नराम्ररी भाँचेको छ । गरीवलाई यी नवसम्भ्रान्तहरुले नराम्ररी गिज्याएको छ । विभेद बढेको छ ।

विश्वजगत नेपाललाई स्वर्ग ठान्छ, अर्को स्वीट्जरलेण्ड मान्छ । शान्त हुन र शान्तिका लागि प्रेरणा लिन विश्वमानवहरु नेपाल आउने गर्छन् । यस्तो पवित्र भूमिका नेताहरु भ्रष्टाचारका प्रतिमूर्तिजस्ता । बुद्धको देश, सगरमाथाको देश बदनाम भयो ।

२००७ सालमा हामीले दिल्ली गुहार्‍यौं, दिल्लीले भारी बोकाएर पठाइदियो । कोशी गण्डकीमात्र गएन, मन्त्रिपरिषदमा भारतका प्रतिनिधि बस्ने व्यवस्थासमेत मान्यौं । नेपालमा भारतीय सैनिक पोस्ट नै स्थापित गरियो । ०१७ सालमा राजाले कू त गरे तर दिल्लीका नचाहिदा, हस्तक्षेपका भारीहरु दिल्ली नै फर्काउने काम भएकै हो । विकास र राष्ट्रियताको जग कुनै बेला बलियो थियो भने त्यो ०१७ देखि ०२८ साल सम्मको महेन्द्र काल नै हो ।

महेन्द्रले खोलिदिएका ३२ उद्योग कौडीका मोलमा बेचेर खाए । ३८ वर्षमा एउटा पनि उद्योग खोलेनन् । मान्छे निकासी गर्ने श्रमस्रोत बन्यो नेपाल । नेपालको अर्थतन्त्र रेमिटान्समा चल्नुपर्ने बाध्यता आयो । समस्या नेतृत्वको चरित्रमा छ, आचरणमा छ । लोकतन्त्रजस्तो अनुशासनमा चल्ने व्यवस्था अनुशासनहीनहरुको हातमा पर्नु भनेको जड्याहले सातघुम्तीमा चलाएको गाडीजस्तै हो । यस्तै भयो ।

भारतले काश्मिरमा कू गरे पछि नेपालको लिपुलेक, लिम्पियाधुरा, कालापानी आफ्नो नक्सामा मिलायो । कांग्रेसका दिग्गज नेता स्व. प्रदीप गिरीले संसदको अन्तर्राष्ट्रिय समितिको बैठकमै 'सके भारतले नेपाललाई सिक्किम बनाउँछ ।' भनेर बोलेको धेरै भएको छैन । त्यही मार्ग कांग्रेस, कम्युनिष्टजस्ता ठूला पार्टीहरु पछ्याइरहेका छन् ।

नेपाल अत्यधिक जोखिममा छ । १९७५ को सिक्किम घटना नेपालमा दोहोरिन सक्छ । नेपाल निलिनसक्छ अथवा उत्तर र दक्षिणको मित्रमिलापले सकिन सक्छ । असंलग्नता र समदूरीको नीति छाड्दा नेपालको अस्तित्व दिनदिनै जोखिममा पर्दै गएको छ ।

नेपालका लागि यो समय डरलाग्दो भूराजनीतिबाट बच्नुपर्ने समय हो ।

नेपालले फुकी फुकी पाइला चाल्नुपर्ने समय हो । चेतना रहोस् ।

# सेना किन चाहिन्छ ? बिपदमा परेकालाई सोध

सेना किन चाहिन्छ ? बिपदमा परेका र सेनाले उद्धार गरेकालाई सोध्नुपर्छ । सबै शक्ति कमजोर भएका बेलामा आफ्नो ज्यानको बाजी लगाएर देश र जनताका लागि अहोरात्र खटिने भएकाले सेना जनताको शक्ति हो ।

बेला बेलामा सेनाको संख्या धेरै भयो भनेर बिबाद झिक्नेहरू यसपालीकै अतिवर्षाका कारणको बाढी पहिरो, बिपत, ०७२ सालको भूकम्पमा समेत ऐन मौकामा राहतमा खटिएनन् । तर सुरक्षा निकायले खतरासँग पौंठेजोरी खेलेर जनताको सेवामा लागेका थिए । नेताहरू भाषण गर्छन्, भ्रष्टाचारमा रमाउँछन् । यहाँसम्म कि कोभिड १९ को महामारीमा दशौं हजार नागरिकले ज्यान गुमाएका बेलामा पनि सेना अन्तिम सहारा बनेको थियो । स्वास्थ्य सामग्रीमासमेत भ्रष्टाचारमा रमाउनेलाई के थाहा, नेपाली सेनाले हरेक नागरिक र राष्ट्रको विपतमा ज्यानको बाजी लगाएर सेवा गरिरहेको छ । देशको विपद् र शान्तिका लागि देखि विश्वशान्तिसम्म खट्ने र राज्यले दिएको जिम्मेवारी इमानका साथ निभाउने सेनाबाहेक अर्को संवैधानिक निकाय कुनै छैन । नेपाली सेना र अन्य सुरक्षा निकायको प्रभावकारिता कसरी बढाउने र सुशासनका लागि यो शक्तिको सदुपयोग कसरी गर्ने यसतिर सोचौं ।






जनताको विपदमा साथ दिने सेनाले देशको विपदमा पनि सोच्ने कि ?

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# मदिराको विज्ञापनमा प्रतिबन्धका कारण मिडियाको संकट



रमेश कुमार बोहोरा

नेपालमा मिडियामा मदिराको विज्ञापन बन्द गर्ने सरकारी निर्णयले लामो समयदेखि बहस निम्त्याउँदै आएको छ । एकातिर यो स्वास्थ्य र सामाजिक दृष्टिले अपरिहार्य निर्णय हो भन्ने पक्षधरहरू छन् भने अर्कातिर यसले मिडियाको आम्दानीका स्रोतलाई थिचेर अभिव्यक्ति स्वतन्त्रता र व्यवसायिक टिकाउपनामा चुनौती खडा गरेको छ भन्ने मिडिया क्षेत्रका प्रतिनिधिहरूको दृष्टिकोण छ । खासगरी विज्ञापनमा निर्भर हुने निजी सञ्चार माध्यमहरूको दृष्टिकोणले यो विषयलाई गम्भीर ढंगले बुझ्नु जरुरी छ । सञ्चार माध्यमहरू प्रायः विज्ञापनबाट चल्ने भएकाले यस्तो निषेधले तिनको अस्तित्व र दिगोपनामा प्रहार गरेको छ भन्ने तथ्यलाई बेवास्ता गर्न सकिँदैन ।

विज्ञापनको संरचनात्मक स्वरूपमा हेर्ने हो भने सरकारी निकाय, ठूला कम्पनी र बहुराष्ट्रिय उत्पादनकर्ताहरू मुख्य स्रोत हुन्छन् । यिनैमध्ये मदिरा उद्योग एक स्थायी र आकर्षक स्रोत बनेको थियो । यो उद्योगले ब्राण्ड प्रमोशनका नाममा रचनात्मक विज्ञापनमार्फत टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाइन र हालको डिजिटल प्लेटफर्महरूमा ठूलो लगानी गर्ने गरेको थियो । त्यो स्रोत बन्द भएपछि सञ्चार माध्यमको राजस्व संरचना कमजोर बन्यो र ठूलो संख्यामा सञ्चार गृहहरू आर्थिक संकटमा परेका छन् ।

मदिरा विज्ञापन निषेधलाई नीतिगत रूपमा सकारात्मक कदम मान्न सकिन्छ तर यसलाई कार्यान्वयन गर्ने क्रममा सरकारले मिडिया क्षेत्रको आर्थिक आधारलाई कसरी सुरक्षित गर्ने भन्ने प्रश्नलाई बेवास्ता गरेको छ । यो अवस्थाले मिडिया स्वतन्त्रताको आधारभूत सवाललाई प्रभावित गरेको छ । प्रेस स्वतन्त्रताको मूल्य केवल सेन्सरशिपबाट जोगिनु मात्र होइन स्वतन्त्र सञ्चार गृहहरूलाई दिगो बनाउन सक्ने वातावरण उपलब्ध हुनु पनि हो । तर जब उनीहरूको आम्दानी स्रोतहरू एकपछि अर्को गर्दै बन्द गरिन्छन् र विकल्प दिइँदैन तब प्रेस स्वतन्त्रता व्यवहारमा कमजोर हुनेछ । नेपालमा मदिरा विज्ञापन रोकिएको कारण बुझ्दा स्वास्थ्य र सामाजिक पक्षलाई आधार बनाइएको देखिन्छ । मदिरा सेवनले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने र सामाजिक अपराध बढाउने तथ्यलाई आधार बनाइएको छ । यथार्थमा विज्ञापनलाई मात्र नियन्त्रण गरेर यी समस्याहरू समाधान हुँदैनन् भन्ने तथ्य पनि उत्तिकै महत्वपूर्ण छ । गाउँ-गाउँमा शहरका कुनाकाप्चामा खुलेका साना भट्टी, अनुगमनविहीन उत्पादन, कर छल र गैरकानुनी व्यापार नै समस्याको मूल हो भने विज्ञापनलाई मात्र पूर्ण रूपमा रोक्नु सजिलो निर्णय भए पनि समाधानको स्थायी उपाय होइन । यसरी हेर्दा सरकारले सजिलो बाटो रोजेको तर समस्यामा पहल नगरेको देखिन्छ ।

संचार क्षेत्रले भने लामो समयदेखि मदिराको विज्ञापन रोक्दा वैकल्पिक स्रोत खोज्न सकिएन भन्ने गुनासो गर्दै आएका छन् । सरकारी विज्ञापनहरू नै न्यून छन् निजी क्षेत्रका विज्ञापनहरूमा पनि ठूला बहुराष्ट्रिय कम्पनीहरूले मात्र प्रभाव जमाइरहेका छन् । यस्तो अवस्थामा खासगरी प्रिन्ट मिडिया र रेडियो जस्ता माध्यमहरू आर्थिक संकटमा फसेका छन् । डिजिटल प्लेटफर्मले केही राहत पाएको भए पनि परम्परागत मिडियामा यसको प्रभाव गम्भीर बनेको छ । सञ्चार गृहका पत्रकार, प्राविधिक कर्मचारी र सम्पूर्ण संरचनाको रोजगारीसमेत संकटमा परेको तथ्यलाई बेवास्ता गर्न सकिँदैन ।

यस्तो निषेधले अर्को समस्यात्मक अभ्यासलाई जन्म दिएको छ जसलाई "सर्पोट ब्रान्डिङ" भनिन्छ । उत्पादनको वास्तविक स्वरूप मदिरा भए पनि त्यसको नाममा पानी, सोडा वा कार्यक्रम प्रायोजनमार्फत विज्ञापन गर्ने चलन सुरु भएको छ । यसले बजारमा अझै भ्रम फैलाइरहेको छ र ठूला कम्पनीहरूले प्रभाव बढाइरहेका छन् । कानुनले पूर्ण रूपमा निषेध गरेकोले सञ्चार माध्यमले यस्तो प्रविधिलाई पनि प्रयोग गर्न सक्दैनन् । फलस्वरूप सञ्चार गृहहरूको आम्दानी निरन्तर घटिरहेको छ ।

यो विवादलाई अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्दा अझै स्पष्ट हुन्छ । धेरै देशहरूले मदिरा विज्ञापनमा प्रतिबन्ध लगाएका छन् तर अधिकांशले मिडियालाई विकल्प उपलब्ध गराएका छन् । कतिपय देशमा सरकारले मिडियालाई अनुदान वा सब्सिडी दिएको छ । कतिपयमा सामाजिक सन्देशमार्फत राजस्व बाँडफाँटको व्यवस्था गरिएको छ । नेपालमा भने यस्तो व्यवस्था नहुँदा मिडिया एक्लै संकट भोगिरहेको छ । जब सरकारले नीतिगत निर्णय गर्छ त्यसको प्रत्यक्ष असर पर्ने क्षेत्रलाई वैकल्पिक उपाय नदिई ठप्प पारिदिन्छ भने त्यो निर्णय असन्तुलित हुन्छ ।

मिडिया लोकतन्त्रको आधारभूत स्तम्भ हो भन्ने कुरा सरकारी नीतिले व्यवहारमा देखाउन सक्नुपर्छ । लोकतन्त्रमा मिडियालाई दबाउने होइन स्वतन्त्र र सक्षम बनाउने हो । यदि मिडिया आर्थिक रूपमा असक्षम छ भने स्वतन्त्रतामा नै प्रश्न खडा हुन्छ । विज्ञापन निषेधले सञ्चार गृहलाई आर्थिक संकटमा धकेल्दा उनीहरूले अन्य स्रोत खोज्न विवश हुन्छन् । कतिपय अवस्थामा यसले मिडियालाई 'पेड न्यूज' वा स्वार्थी राजनीतिक वा व्यावसायिक दबाबसँग सम्झौता गर्न बाध्य पार्छ । यसले स्वतन्त्र पत्रकारितामा खतरा पुऱ्याउँछ ।

अर्को महत्वपूर्ण पक्ष भनेको रोजगार हो । नेपालको सञ्चार क्षेत्रमा हजारौं पत्रकार, प्राविधिक, प्रशासकीय कर्मचारी र श्रमिक कार्यरत छन् । उनीहरूको रोजगारीको सुरक्षा विज्ञापन आम्दानीमा निर्भर हुन्छ । जब मदिरा विज्ञापन बन्द हुन्छ त्यसले प्रत्यक्ष रूपमा मिडियाको आम्दानी घटाउँछ र अप्रत्यक्ष रूपमा रोजगार संकट निम्त्याउँछ । पत्रकारिता केवल विचार र सूचना प्रवाहको साधन मात्र होइन ।सामाजिक सुरक्षा र रोजगारीसँग पनि गाँसिएको क्षेत्र हो भन्ने कुरा सम्झन जरुरी हुन्छ ।

यस्तो अवस्थामा समाधानको बाटो भनेको सम्पूर्ण विज्ञापन नीति पुनः समीक्षा गर्नु हो । सरकारले स्वास्थ्य र सामाजिक सुरक्षालाई मध्यनजर गर्दै मदिरा विज्ञापन रोक्नु स्वाभाविक हो तर मिडियाको हितलाई पनि बेवास्ता गर्नु हुँदैन । यसका लागि दुईवटा वैकल्पिक उपाय अपनाउन सकिन्छ । पहिलो मदिरा उद्योगबाट उठ्ने कर, शुल्क र जरिवानाको निश्चित प्रतिशत मिडिया विकास कोषमा विनियोजन गर्ने व्यवस्था गर्न सकिन्छ । यसरी मिडियाले अप्रत्यक्ष रूपमा भए पनि आफूले गुमाएको आम्दानीको क्षतिपूर्ति पाउन सक्छ । दोस्रो वैकल्पिक विज्ञापनका क्षेत्रहरू प्रोत्साहित गर्न सकिन्छ जसले मिडियामा लगानी बढाउँछ । जस्तै कृषि, पर्यटन, प्रविधि, नवीकरणीय ऊर्जा र सामाजिक सन्देशका क्षेत्रमा प्रोत्साहन दिइन सक्छ ।

हाम्रो देश नेपालमा मिडियाको आर्थिक आधार अझै बलियो नभइसकेको अवस्थामा यस्तो प्रतिबन्धले गहिरो चोट पुऱ्याउँछ । खासगरी स्थानीय तहमा प्रकाशन हुने पत्रपत्रिका र रेडियोहरूमा यसको प्रभाव भयावह बनेको छ । ती सञ्चार माध्यमहरू गाउँ र समुदायस्तरमा सूचना र लोकतन्त्रको आधार हुन् । तर जब उनीहरू आर्थिक संकटमा डुब्छन् त्यसको असर सीधा नागरिकलाई पर्छ । ग्रामीण भेगमा सूचनाको पहुँच घट्छ जनताको आवाज ओझेल पर्छ र सूचना असमानता बढ्छ । यो लोकतन्त्रको आधारभूत संरचनामा प्रहार हो ।

यसैबीच मिडिया उद्योगले पनि आत्मसमालोचना गर्नुपर्ने देखिन्छ । केवल मदिरा विज्ञापनमा निर्भर हुने प्रवृत्तिले भविष्यमा थप संकट ल्याउन सक्छ भन्ने कुरा पहिल्यै अनुमान गर्न सकिन्थ्यो । विविध स्रोत सिर्जना गर्ने प्रयास, सब्सक्रिप्सन मोडेल, अनुसन्धानात्मक सामग्रीमार्फत पाठक र दर्शकसँग प्रत्यक्ष सम्बन्ध बढाउने अभ्यास आवश्यक छ । यी उपायलाई प्रभावकारी बनाउन सरकारले नीतिगत समर्थन दिनुपर्छ ।

समग्रमा हेर्दा नेपालमा मिडियामा मदिरा विज्ञापन बन्द हुनु केवल स्वास्थ्य र सामाजिक दृष्टिले मात्र होइन लोकतन्त्र र प्रेस स्वतन्त्रताको दृष्टिले पनि बहस गर्नुपर्ने विषय हो । राज्यले मिडियालाई वैकल्पिक आधार र स्रोत उपलब्ध नगराउँदासम्म यस्तो निर्णयले नकारात्मक असर बढी पार्ने देखिन्छ । पत्रकारिता समाजको ऐना हो भने त्यो ऐना फुट्नुको पीडा समाजले नै भोग्नुपर्छ । त्यसैले समाधान भनेको मिडिया र राज्यबीचको सहकार्य हो । मिडियालाई वैकल्पिक सहारा दिइयोस्, स्वास्थ्य र सामाजिक सुरक्षा कायम रहोस् र लोकतन्त्रको चौथो अंग मजबुत होस् । (लेखक- अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

# हाइड्रोजनको अध्ययन हुनेभो




हाइड्रोजन उद्योगको विस्तृत सम्भाव्यता अध्ययन हुने भएको छ । भदौ १३ गते नेपालमा हाइड्रोजनको व्यावसायिक उत्पादनको विस्तृत सम्भाव्यता अध्ययन गर्ने सहमति भएपछि अध्ययन हुने भएको हो । लगानी बोर्डको कार्यालय र ***दक्षिण कोरियाली कम्पनी जी फिलोस***ले नेपालमा हरित हाइड्रोजन उत्पादन प्लान्ट तथा फ्युल सेल प्लान स्थापनाका लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएपछि नेपालमा हाइड्रोजनको व्यवसायिकता कार्यक्रम अघि बढेको हो ।

समझदारीपत्रमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत ***सुशील ज्ञवाली तथा जी फिलोस कम्पनीका प्रमुख कार्यकारी अधिकृत गावु पार्कले सहमतिमा हस्ताक्षर*** गरेका हुन् । जी फिलोसले सर्वेक्षण अनुमतिपत्र पाएपछि १० महिनाभित्रमा विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी प्रतिवेदन तयार गर्नेछ । यो सहमति कार्यक्रम समारोहमा नेपालका लागि ***दक्षिण कोरियाका राजदूत पार्क ताए योङ***ले नेपालमा यसप्रकारका नवीकरणीय स्वच्छ ऊर्जाको प्रचुर सम्भावना बताउँदै उनले यस्ता परियोजनाले नेपालको दिगो विकास लक्ष्य प्राप्तिमा कोसेढुङ्गा साबित हुनसक्नेछ । साथै राजदूतले यो कार्यक्रमले नेपाल र कोरियाबिचको सम्बन्धमा अझ दिगोपन ल्याउने छ ।


लगानी बोर्डले यसप्रकारको परियोजनामा प्राज्ञिक क्षेत्रको महत्वपूर्ण भूमिका हुने र यस्ता परियोजनाको सफलताले नेपालमा पुँजी तथा प्रविधिको विनिमयमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेको छ । लगानी बोर्डको विश्वास छ, कोरियाली कम्पनीले निर्धारित समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्नेछ । प्रतिवेदन प्राप्त हुनासाथ नेपालमा ग्रिन हाइड्रोजन प्लान्ट स्थापना हुनसक्ने बताएको छ । **स्मरणीय छ, जी फिलोस**ले नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचामा हरित हाइड्रोजन तथा फ्युल सेल प्लान्ट स्थापना, विकास तथा सञ्चालनका लागि गत वैशाख १५ मा लगानी बोर्डको कार्यालयमा प्रस्ताव पेस गरेको थियो । लगानी बोर्डको ६३ औं बोर्ड बैठकले प्रस्ताव स्वीकृत गर्दै समझदारी अनुमती दिने निर्णय गरेको हो ।




# भारतको नेपालमाथि सधैं जबरजस्ती



गणेशबहादुर ढुङ्गाना




*(३ सामयिक विश्लेषण क्रमस....)*

इजरायल सरकारले इजरायललाई यहुदीकै राज्यको रुपमा अक्षुण्ण राखेको छ । इजायली डायस्पोराले पनि नेपालमा झैं इजरायलको अर्थतन्त्र र सुरक्षामा ठूलो योगदान पुऱ्याएका छन् । इजरायलले पनि इजरायलमा आफ्ना डायस्पोराका लागि इजरायल राज्य, नागरिकता तथा समावेशी अधिकार अनन्त, अकुण्ठित राखेको छ । भारतलगायत विश्वका विभिन्न देशहरूले आफ्ना गैरआवाशीय नागरिकलाई नागरिकता तथा लगानीका विशेष छुटका साथ अवसर खुला राखेका हुन्छन् । जसरी भारतलगायत अनेत्र पनि भारतीय वा आफ्नौ स्वदेशीका आधारमा नागरिकता दिइन्छ । त्यसरी नै नेपालमा पनि नेपालीका आधारमा मात्र नागरिकता दिनुपर्छ वा सुरक्षित राख्नुपर्दछ । पराईलाई नागरिकताकै आधारमा नेपाली बनाउनु हुँदैन, यस्तो भए अवश्य पनि विखण्डनको बाटो पैल्याउँदछ । विदेशी नागरिकलाई राष्ट्रप्रेम हुँदैन, नेपाल नेपालीकै लागिमात्र सुरक्षित राख्नुपर्दछ । विदेशीलाई नागरिकताबाट बञ्चित गर्नैपर्छ ।

हाम्रो नोपलमा नेपालकिो अस्तित्व मेटाउन, गरिबीका रेखामुनीका दरिद्रमा झार्न वा विस्थापन गर्न र नेपाललाई भारतीय नव-उपनिवेशको जंजीरमा बाँध्न देहायका तीन शक्तिहरू- १) भारत सरकार,

२) भारत सरकारका मतियार केही खस-बाहुन, क्षेत्री र जातिवादी अन्य खास खरिद विक्रीमा परेका नेपाली नेताहरू र ३) भारत सरकारले १९५० यता पटक पटक जोरजुलुम, करकापका साथ नेपाली नागरिकता दिलाएर मधेसी नामाकरण वा पहिचान बनाइदिएका भारतीय करोडका करोड नयाँ मधेसेहरू प्रमुख र डरलाग्दा छन् । यिनै ती डरलाग्दा तत्वले गर्दा आम नेपाली समाजमा भय, त्रस्त, त्राहिमाम, त्राहिमाम गराई राष्ट्रहितमा उठ्न नसक्नेगरी सुताइदिएको छ अथवा राष्ट्रघातमा सक्रिय गराइराखेको छ । माथि नै उल्लेख गरिसकिएको छ कि यस्तो तत्वमा मूलतः ३ जनतप्का पर्दछन् ।

१) निराश तत्व जो पुरानै बेवास्था (क्ष्लमषाभचभलत) र पलायनवादी छ ।

२) भारत संत्रस्त तत्व जसले भारतमाताको असली भित्री अनुहार देखेर बुझेर संत्रस्त भई भूमिगत भएको छ ।

३) तेश्रोमा पर्दछ, भारतपरस्त तत्व जसले संगठित रुपमा ठूलो शक्ति संगठन गरेर भारत सरकारको इसारामा काम गर्दछ, भारतलाई चाहिएको बेलामा एकता गर्छ, चाहेको बेलामा फुट्छ, फेरि मिल्छ । चाहेको बेलामा तानाशाही हुन्छ, कहिले प्रजातन्त्रवादी बन्छ, कहिले सशस्त्र क्रान्ति गर्छ । कहिले आवश्यक परेका बेलामा शान्तिको बाटोमा आएर देखाइदिन्छ, कहिले भारत बिरोधी भएर क्रियाकलाप गर्छ त कहिले भारतका गैरकानुनी, असमान तथा उपनिवेशिक सन्धि-सम्झौता लिखतहरूलाई सही तथा सनाखत गरेर ठगीलाई बैध गराउने काम गर्दछ । यी यावत तत्व करतुत र परिवेशले नेपाल र नेपाली निरन्तर ठगिएका ठगियै छन् । भारत सरकार मालामाल भएको भयै छ । गणतन्त्रपछिका उपलब्धि गुम्लान् भनेर भारत अत्यन्तै चनाखोर र सक्रिय भएर आफ्नो संयन्त्रलाई प्रभावकारी प्रचार-प्रसारमा उतारेको छ । देशभक्त नेपालीहरू चाहिं यी भारतले हासिल गरेका उपलब्धि गुमिदिए आफ्नो देशको सत्ता र सम्पत्ति आफ्नै देशमा फर्किने थियो भनेर धूप हालेर बसेका छन् । तर सक्रियता कतै केही पनि छैन । यसरी नेपालको तेजोबध र सर्वस्वहरण गर्नका लागि नेपाली मुख्य चारदललाई बिभिन्न भूमिकामा प्रयोग गरेको र नेपालमा भारतका मुख्य मुख्य स्वार्थमा (ऋचष्तष्अर्बा क्ष्लतभचभकत) मा बाधा नपुऱ्याउने, सहयोग गर्ने शर्तनामामा भारत सरकारले सहिछाप गराएको कुरा पनि भारतीय पक्षले नै भण्डाफोर गरिदिए र भारतीय फौजी दक्षिण कमाण्ड मद्रासमा कागज गरिदिएको हल्ला पनि चल्यो । कमरेड प्रचण्ड, प्रधानमन्त्री बाबुराम भट्टराई (तत्कालीन)बाट गोलमटोलमा सकार पनि गराइदिए । साझा नदीपछि, टनकपुर, टनकपुरपछि नदी जडान प्याकेज, सीमा स्ट्रिप्स नक्सा, नागरिकता, बिप्पा, पञ्चेश्वर, कोशी-कर्णाली हाइड्याम आदि इत्यादि सम्ममा, कम्युनिष्ट एमाओवादी, एमाले, नेपाली कांग्रेस, भारतीय मधेसे पार्टीहरूको प्रतिस्पर्धा तँछाडमछाड र समस्त अर्पण, समर्पण हेर्दा नेपालमा भारतीय पकड अत्यन्तै कठोर, सुसंगठित, समर्थवान र भयावह भइसकेछ भन्ने विश्वले नै बुझिसकेका छन् । स्व. वीपी कोइरालाले अप्रत्यक्ष रुपमा अडिट फर्मूलवादी, गणतन्त्रवादी, भारतीय उग्रवादका लाहुरे, भारतीय रअका हवल्दार, दिल्लीका दलाल, भुइँफुट्टा पुँजीपति बर्ग भनेर नेपाली जनमानसमा जुन सांकेतिक जागृति भरिदिनु भएको थियो, ती सबै आज उनीहरूकै काला कर्तंतबाट सर्वसाधारण जनताले पनि देख्न सक्ने र बुझ्न सक्ने गरी स्वतः छर्लङ्ग भएको छ । त्यसरी नै अर्को सारै ठूलो रहस्य उजागर नगरी नहुने विषय के हुनगयो भने नेपालमा भारतले यति उदारताका साथ जातीय प्रान्त बाँडिरहेको छ तर नेपालको एक नम्बर जनसंख्या भएको खस, आर्य ब्राम्हण, क्षेत्रीलाई चाहिँ किन निषेध गऱ्यो ? त्यसमा भारतीय गुप्तचरको विश्लेषणबाट भारत सरकार के निष्कर्षमा पुगेको छ भने बाहुन, नेवारको बुद्धि र क्षेत्री, शेर्पा, तामाङ, मगर, राई, लिम्बु, आदिवासी मधेसेको बल एक ठाउँमा भयो भने नेपालमा भारको केही पनि दाल गल्दैन र नेपाल चाँडै नै धेरै ठूलो, धनी र बैभवशाली देश हुन्छ, भारत पछाडिपर्छ भनेर उसले यो जातीय फूटको नीति लागूगरेको हो रहेछ तथा उसले बाहुन, क्षेत्रीलाई पनि जातीय प्रान्तमा समावेश गऱ्यो भने पुरानो खस साम्राज्य फिर्ता गर्नुपर्दा भारतकै उत्तर, पूर्व, पश्चिमका धेरै भाग नेपालमा आउने रहेछन्, तसर्थ बाहुन-क्षेत्रीलाई निषेध गर्ने, अरु जनजातिलाई फुटाउने अनि नयाँ भारतीय मधेसेलाई समावेशी अधिकार दिएर नेपाली बाहुन, क्षेत्रीका खाली (न्बउ) भर्ने, त्यसपछि निश्चिन्त राज गर्ने मनशाय प्रष्ट देखियो । तर यसरी सुतेका नेपाली शेरलाई जुँगा उखेलेर जगाउँदा वा जागृत गराउँदा भारत सरकारलाई नै भरे घाँडो होला, समयमै चेत फिरोस् ।

नेपालमा राजनीतिक दलीय कित्ता फोड र कित्ता जोड, उग्रवाद र शान्ति जेपनि आउँदछ, त्यो भारतीय आवश्यकता र आदेश अनुसार नै आउँदछ र लागूहुन्छ । त्यसमा दुईमत हुन सक्दैन । यहाँका चार दलीय नेताहरू त भूमिका आवद्ध ज्यालादारी ( :भचअष्लबचथ) लडाकुमात्र हुन् । यहाँ यिनीहरूले शान्ति ल्याए, सम्बृद्धि ल्याउँदछन् भनेर कसैले भूल गर्नु हुँदैन । किनभने भरतलाई यतिबेला आफ्ना अन्तर्राष्ट्रिय छवि सच्याउन धौ धौ परेको छ । अमेरिका भारतको रणनीतिक साझेदार भए पनि अमेरिका हमेशा विश्वमा शान्ति, प्रजातन्त्र, मानव अधिकार, कानुनी राज्यको बहाली चाहन्छ । ऊ सधैंभरि उग्रवाद र जातिवाद, रङ्गभेद र कम्युनिष्ट तानाशाहीको बिरोध गर्दछ । चीन पनि सदासर्वदा साना देशको सार्वभौमिकताको आदर र अहस्तक्षेपको स्वागत गर्दछ । यी दुबै मुलुकहरू सैद्धान्तिक मतभेद भए पनि व्यवहारिकतामा उपरोक्त सबै विषय सहित अन्य देशको सम्पत्तिमा गैरकानुनी कब्जाको संयुक्त बिरोध गर्ने गर्दछन् ।

# Discovering Colorful Guizhou: The Charm of the Multi-Ethnic Province in Southwest China

**Huazhong Tu & Yanping Wang -**



Situated in the southwest of China, Guizhou Province occupies a strategically significant position. It functions as a crucial gateway and transit nexus, connecting Southeast Asian nations with the hinterland of the Central Plains. With a total area exceeding 176,200 square kilometers, Guizhou Province is an expansive region. Guiyang City, the provincial capital, not only serves as the political, economic, and cultural center but also as a key hub for travel and tourism. According to statistical data of Guizhou Government from 2025, the permanent resident population in Guizhou Province has reached 38.6 million, highlighting its substantial population scale.

Guizhou, a distinctive mountain province renowned globally for its unique karst landform, boasts a variety of natural landscapes that attract numerous tourists. Characterized by four distinct seasons, a warm and humid climate with an average annual temperature of approximately 15 degrees Celsius, Guizhou is ideal for both agricultural activities and human habitation. Its climate offers significant benefits.

In recent years, Guizhou Province has demonstrated remarkable economic vitality, with its GDP growth rate consistently ranking among the highest in the nation. According to a statistical data of Guizhou Government, Guizhou's total regional GDP in 2024 amounted to 2,266.712 billion yuan, marking a 5.3% increase from the previous year. Specifically, the primary industry's added value was 297.166 billion yuan, representing a 3.8% year-over-year increase and accounting for 13.1% of the regional GDP. The secondary industry's added value reached 709.758 billion yuan, a 6.7% increase, accounting for 31.3% of the regional GDP. Meanwhile, the tertiary industry's added value was 1,259.788 billion yuan, up 4.8%, and comprising 55.6% of the regional GDP. Throughout the year, the regional GDP per capita increased by 5.2% to 58,685 yuan compared to the previous year.Furthermore, Guizhou's efforts towards green transformation have yielded remarkable results. By the end of 2024, the province's forest coverage rate stood at 63.3%, with a total forest area of 11.1478 million hectares. Due to the successful preservation and enhancement of its ecological environment, Guizhou has earned the distinction of being a pioneer in China's ecological civilization construction.

In terms of ethnic diversity, Guizhou stands as a paradigmatic example of a Chinese province where diverse ethnic groups coexist harmoniously. Guizhou Province is home to 17 indigenous ethnic minorities, including the Miao, Bouyei, Dong, and Tujia, who have developed unique traditional customs and lifestyles over an extended period. According to the Seventh National Census of China, there are approximately 14.0503 million individuals belonging to ethnic minorities in Guizhou, accounting for 36.44% of the total population and underscoring the province's rich ethnic diversity. Mandarin, as the official language of the country, is widely spoken and promoted in Guizhou. Meanwhile, ethnic minorities such as the Miao, Bouyei, and Dong have successfully preserved their distinct linguistic systems. Beyond being vital components of ethnic culture, some of these languages have been included in the National Intangible Cultural Heritage List, ensuring their effective preservation and transmission. Culturally, Guizhou fosters a unique multicultural environment by blending the traditional customs of the Han ethnic group with those of other ethnic minorities. With a lengthy history tracing back to the ancient Yelang Kingdom, Guizhou boasts a profound cultural atmosphere. Through frequent interactions and mutual learning among ethnic groups, a vibrant cultural mosaic has emerged, showcasing the diversity and inclusivity of Guizhou's cultural landscape.

The ethnic cultural traits of Guizhou are distinctive, dynamically transmitted, and embody a rich cultural heritage as well as a unique regional allure. The phrase "an epic worn on the body," which vividly chronicles the history and culture of the Miao people, originates from the exquisitely crafted silver jewelry artistry of the Miao ethnic group. Each piece serves as a testament to the dedication and wisdom of humankind. The Bouyei ethnic group's batik technique is distinguished by intricate designs, vivid hues, and profound symbolism. It is not merely a traditional handicraft but also a significant cultural bearer. The Dong Grand Choir, a gem of world music, is a polyphonic choral form that was inscribed on UNESCO's Representative List of the Intangible Cultural Heritage of Humanity in 2009 due to its distinctive musical style and profound cultural connotations. The singing, dancing, rituals, and feasting that commemorate ethnic festivals such as the Miao New Year, the Bouyei's "Sanyuesan," and the Shui's Duan Festival exhibit diverse forms and rich content, vividly portraying the vibrant customs and lifestyles of various ethnic groups.

When discussing the culinary culture of Guizhou, one cannot overlook its distinctive and unique characteristics. The glutinous rice cakes, characterized by their softness, stickiness, and sweetness, symbolize reunion and happiness. The rice tofu, with its delicate, smooth, and refreshing texture, offers a unique sensory experience. Furthermore, the sour fish soup, renowned for its remarkable blend of sour, spicy, and savory flavors, is highly esteemed by gourmets. These specialty dishes serve as a dazzling emblem of Guizhou, attracting numerous food enthusiasts to partake in their delightful flavors. They not only harness the unique elements of the mountainous ecosystem but also embody the wisdom and ingenuity of the diverse ethnic groups in the region.

Friends from across the globe are warmly invited to visit Guizhou Province and immerse themselves in its distinctive allure. Guizhou boasts numerous UNESCO World Natural Heritage sites, such as the magnificent Huangguoshu Waterfall, which cascades with immense force, and the lush and enchanting Libo Karst Forest, which resembles a human fantasy land. Additionally, the Xijiang Thousand-Household Miao Village, constructed along the mountains in a staggered layout that showcases the unique architectural style of the Miao people, and the Zhaoxing Dong Village, adorned with drum towers and filled with melodious songs, are but two examples of the rich cultural treasures that await discovery in Guizhou.

With a high-speed rail network spanning the province, transportation in Guizhou has become more convenient, rendering it more accessible to tourists. In the first half of this year, Guizhou Province welcomed 367 million visitors, with a total tourism expenditure of 422.694 billion yuan, averaging 1,150.24 yuan per visitor. These figures reflect growth rates of 8.2%, 10.6%, and 2.2%, respectively. Notably, there was a 13.6% increase in domestic tourists and a 60.6% surge in foreign visitors.

China cordially invites both domestic and international visitors to Guizhou to personally experience the distinct beauty of its ethnic culture and natural treasures, which have earned it the moniker of "Park Province." Visitors can explore ethnic communities to gain insights into the rich customs, savor authentic local cuisine, and witness a unique aspect of Guizhou as they wander amidst the mountains and waters, marveling at the exquisite craftsmanship of its natural surroundings. Together, let us embark on this unique cultural journey and witness the vibrant, peaceful, and progressive Guizhou.

***Huazhong Tu & Yanping Wang, Scholars, Southwest University of Political Science and Law, P. R. China.***

# Washington Rally Demands Freedom for All Kashmiri Political Prisoners

August 24, 2025




*This is an appeal to the leaders of the free world to take urgent action and save my father's life. My name is Razia Sultan, daughter of Kashmiri Hurriyat leader and freedom fighter, Mohammad Yasin Malik, whom India plans to execute next month for the "crime" of telling the truth and speaking about the right of self-determination for the people of Kashmir. My father – Yasin Malik – has sacrificed everything throughout his life for the cause of Kashmir. I love my father deeply. I have not seen him for seven years, nor have I spoken to him for the past six years. If Prime Minister Modi is so powerful, why is he afraid of my father simply for speaking the truth? This is a child's desperate plea to save her father's life.*

Sardar Zarif Khan, Advisor to the President of Aazad Kashmir and main organizer of the rally said today, the members of Kashmiri American community of Washington Metropolitan Area along with our friends from New York, New Jersy, Delaware, Massachusetts, Pennsylvania and Canada stood together in Washington in front of the Embassy of India, beneath the statue of Gandhi — a powerful reminder of his message of freedom and justice. Sardar Zarif demanded freedom for all Kashmiri political prisoners, including Yasin Malik, Shabir Ahmed Shah, Masarat Aaalm, Aasia Andrabi, etc. who have been unjustly imprisoned for years.

The protestors waved banners, placards and shouted slogans, "Supreme Court Decision is a Delusion: Kashmir Needs a Resolution;" "India - Release all political prisoners unconditionally;" "Release the Legend & Prominent Kashmiri Political Prisoner: Yasin Malik;" " Release Shabir Ahmed Shah: Amnesty Calls Him Prisoner of Conscience;" "Release Masarat Aalam: Victim of Arbitrary Detention;" Release Aasia Andrabi: Wrongfully Imprisoned." "Indian Democracy Dead in Kashmir;" "Indian propaganda needs to be dispelled: Voices for free Kashmir cannot be quelled;" "No justice: No Peace."

Dr. Ghulam N. Mir, President, World Kashmir Awareness Forum and Executive Producer, Saffron Kingdom, a Kashmir film said that successive Indian regimes continue to hold Kashmiri prisoners under draconian laws for decades without a credible due process under international law. Kashmir under Indian occupation is a lawless state where prominent political leaders, human rights defenders and journalists are imprisoned in a vast network of dungeons for decades without an end. Internationally reputed leaders like Shabir Shah, Yasin Malik, Masarat Aalam, Khurram Parvez, Dr. Qasim Fakhtoo and his wife, Asiya Andrabi have been held for decades.

Dr. Mir added that the entirety of Indian Occupied Kashmir has been designated as a vast open-air prison by a European Parliamentary delegation. As India appears to be descending in to an unprecedented chaos internally and externally towards the tail end of Modi's regime, there is a glimmer of hope that India's chickens may soon be coming home to roost. Her pride may soon have a fall sooner than later!

Dr. Ghulam Nabi Fai, Chairman, World Forum for Peace & Justice said that a trial court has sentenced Yasin Malik to life imprisonment on May 24, 2022. Now, the National Investigation Agency (NIA) is seeking enhancement of the sentence to death penalty. We all know that the case of Yasin Malik is not a legal but a political case. Government of India seeks to impose a death penalty that will serve as a deterrent to the people of Kashmir.

Dr. Fai added that let us not be lulled by the comfort of our air-conditioned homes. Yasin Sahib — imprisoned, enduring hardships, and staring into the face of life and death — has sacrificed everything for the cause of Kashmir. His struggle demands our remembrance, our gratitude, our unwavering resolve and at least our togetherness at a rally for his release be it Washington, New York, Dallas, Houston, Paris, London, Oslo, Brussels, Barcelona, Copenhagen, etc.

Dr. Imtiaz Khan, Kashmiri American scholar said that Yasin Malik, a prominent leader for the movement of Kashmiri independence and the chairman of the Jammu Kashmir Liberation Front is not run of the mill politician, but a revolutionary leader who has flame of freedom burning in his heart.

Dr. Khan warned that the plan and intentions of the current fascist regime are more sinister when it comes to the case of Yasin Malik. Narinder Modi is using Yasin Malik as a pawn for his domestic agenda. To ameliorate his political standing, Prime Minister Modi is using concocted, cooked up and contrived cases against Yasin Malik. By eliminating peace-loving leaders like Yasin Malik, the Indian regime is closing any avenues of peace in the region and pushing the youth of Kashmir towards actions that can be detrimental to the peaceful resolution of Kashmir conflict.

Mowahid Hussain Shah, attorney-at-law, author, and Member of the District of Columbia and U.S. Supreme Court Bars, speaking at the site of the Mahatma Gandhi statue, lauded the legacy of Mahatma Gandhi in struggling against racial injustice and oppression in South Africa for 21 years. The irony of fate, Mowahid noted, is that the ideology which murdered Mahatma Gandhi is ruling and dominating India today, in that Narendra Modi was and is a member of RSS. He said that not for nothing was Modi banned from entering America for 10 years because the U.S. State Department had actual evidence of his direct complicity in the Gujarat anti-Muslim pogroms and massacres when Modi was Chief Minister of Gujarat.

Yasin Malik, Mowahid Shah stated, stands tall and unafraid and, most importantly, he remains undefeated, in the cause of Kashmir. Mowahid recalled the example of his dervish father, Col. Amjad Hussain Sayed, who, on his deathbed, gave the parting advice to always speak Kalma-e-Haq. Mowahid said that all well-wishers of humanity and proponents of fairness in Kashmir, and advocating for the release of Yasin Malik, should not be bashful in speaking out loud and clear.

Sardar Shoaib Irshad, General Secretary, Kashmir American Welfare Association (KAWA) and co-organizer of the rally said that the Delhi High Court on August 11, 2025, sought the response of Yasin Malik on a plea filed by the National Investigation Agency (NIA) seeking death penalty for him. The new hearing will be held on November 10, 2025, when the jail authorities will produce Yasin Malik virtually before the court. Then the court will decide whether to keep life imprisonment or enhance it to death penalty. Sardar Shoaib added today, we are here to stand for Yasin Malik.

Sardar Mehmood Iqbal, Advisor to the President of Azad Kashmir expressed concern over the silence of the world powers over the semi genocidal situation in Kashmir. Sardar Mehmood added that whole nation of Azad Kashmir is standing with the oppressed people of Jammu and Kashmir and will keep exposing the atrocities and brutalities of Indian fascist PM Narender Modi. We, as a nation will keep standing with the people of Jammu and Kashmir till the day of their freedom.

Hafiz Habibullah distinguished religious scholar demanded unconditional release of all Kashmiri political prisoner. He added that justice delayed is justice denied. Hafiz Sahib explained that the right of self-determination which was promised to the people of Kashmir by both India & Pakistan and was endorsed by the UN Security Council needs to be fulfilled. The Kashmir dispute has no military solution. It can only be resolved through peaceful negotiations.

Zia ul Hassan, prominent community leader emphasized that continued incarceration of Yasin Malik is a grave violation of human rights and an obstacle to peace and justice. He urged the Trump Administration to take immediate notice and press for his freedom.

Hamid Malik, President, a well-known and dedicated leader of Washington Metropolitan community said that the circumstances demand that we must knock the corridors of powers everywhere, particularly here in Washington to intervene and save the life of Yasin Malik and other political prisoners in Kasmir.

Sardar Aftab Roshan Khan made an earnest appeal to the United Nations and other world powers, including President Donald Trump to impress upon the Modi administration to let international standards of justice prevail and free Mohammad Yasin Malik.

Mian Waseem who introduced Dr Rohanda Hamilton for DC Mayoral Candide for Washington DC. said that since, August 5, 2019, Indian government, in order to crush any resistance to their illegal occupation, has instituted new draconian measures. In a ruthless campaign they imprisoned politicians, journalists, and civil society members, to intimidate and suppress any form of dissent.

Dr Rohanda Hamilton for DC Mayoral Candide for Washington DC. expressed her concern about human rights anywhere in the world. She said that the demand of release of Yasin Malik is a humane one and I do endorse the demand of his unconditional release without any reservation.

Mrs. Evans (97 years old) said that I was born in the nations capital and am a proud resident of Washington DC. I am here to be with my brothers and sisters who demand justice for Yasin Malik.

Sadaqat Hayat, Kashmiri- Canadian human rights activist said that we ask the people of the world to stand up and speak up for the freedom of Kashmir. Our appeal to Trump Administration is to seriously engage India, Pakistan, and legitimate representatives of Kashmir in a results-oriented peaceful resolution of this most serious conflict of the world that is Kashmir.


Sardar Yameen Khan pleaded with the world powers to persuade India to withdraw all Indian military and paramilitary personnel from the villages and towns so that all the people in Jammu &Kashmir can exercise their right of self-determination through a free and fair referendum.

Sardar Zahid Hussein of Pennsylvania, notable community leader said that the nation of Kashmir has proved that Indian barbarism cannot kill their desire for right to self-determination. He expressed his unconditional moral support to the people of Kashmir for a just and peaceful struggle. Others who spoke included: Muhammad Imtiaz Khan; Moazzam Sahi, President Pakistan House, Washington; Haider Irshad Khan; Zeeshan Khan; Akram Butt; Wajahat Hussein; Wahid Hussain Syed, Nazam Khan & family; Khalid Fahim & family; Raqeeb & family.

At the end, Dr. Fai thanked all participants, particularly the media fraternity, including Manzoor Hussain and Zahid Hussain of Weekly Dunya, International, Javid Kousar of BOL TV, Yusuf Choudhary, Khurram Shahzad, Attique Sadozai of SUNO TV. Rally was concluded with Du'a for the martyrs of Kashmir.

Dr. Fai is also Secretary General, World Kashmir Awareness Forum.
He can be reached at: WhatsApp: 1-202-607-6435. Or. gnfai2003@yahoo.com, www.kashmirawareness.org

# रणबहादुर र बालविधवा कान्तवती




राजा रणबहादुर शाहले राजकाज भारदार (मन्त्रिपरिषद) लाई सुम्पेर आफू आमोद तथा प्रमोदमा समय बिताउन थाल्दछन् ।

उनको लहडबाजी बढ्दै जान्छ । सितार बजाउन र गाना गाउन थाल्दछन् । पशुपंक्षी लडाउने सौकिन बन्दछन् । लडाउनकै लागि विदेशबाट साँडे मगाएर पाल्दछन् । शिवरात्रीमा पशुपति दर्शन गर्न आएकी बालविधवा तिरहुत सुन्दरी कान्तवतीलाई विवाह गर्दछन् । ब्राह्मणीसँगको यो विवाहलाई बहादुर शाहले अक्षम्य अपराध ठान्दछन् । यहीँबाट राजा रणबहादुर र बहादुर शाहबीच अन्तर विरोधको सुरुवात हुन्छ । बहादुर शाह बसेकै भवनमा विदुर र शेरबहादुर शाहीलाई पनि बस्न पठाउनु अन्तर विरोधको अर्को कारण बन्दछ ।

बहादुर शाहले उपेक्षित अनुभूत गरेर आफैले तीर्थयात्रीलाई पशुपतिमा बनाइदिएको सत्तलमा गएर बस्न थाल्दछन् । पश्चिमतर्फको भूभाग एकिकरणको काम पूरा भैसकेको भए पनि भावनात्मक रुपमा स्वीकार गराउन प्रशासनिक सुधार गर्न बाँकि छदै छोड्नु परेकोले उनलाई पीडा बोध हुन्छ । पीडा पोख्ने पात्र भने कोही हुँदैनन्, पीडा मनमै अचाउँछन् । कम्पनी सरकारका अङ्ग्रेजी पदाधिकारीबाट धोका हुने खतरा यिनले देखेका हुन्छन् । यिनको मन चुकचुकिइ रहेको हुन्छ ।

राजा रणबहादुरले कान्तवतीको छोरालाई राजा बनाउने बाचा बन्धन पहिले नै गरिसकेका हुन्छन् । बहादुर शाहबाट यो कुराको समर्थन हुने संभवै थिएन । यही कारण राजा रणबहादुरले बहादुर शाहलाई आफ्नो बाटोबाट पन्छाउने बहाना खोज्न थाल्दछन् ।

वि.सं. १८५२ मा बहादुर शाहले चीनको तिब्बत अम्बाला हेर्ने अधिकारीलाई आफ्नो वर्तमान अवस्था चित्रण गरेर सहानुभूति पाउन लेखेको पत्रको जवाफमा अम्बालाले काका भतिजा मिलेर राज्य सञ्चालन गर्न सल्लाह दिएको पत्र पाएपछि श्री ५ रणबहादुर शाह झन् मुर्मुरिन्छन् । अर्को वर्ष चीनका सम्राट काओत्सुङको देहवसान भई उनका छोरा छियाछिङ्ले सम्राट बन्दछन् । नयाँ सम्राटलाई भेट्न जान पाउँ भनि बहादुर शाहले पुनः तिब्बत स्थित उनै अम्बालालाई पत्र लेख्दछन् ।

चीनको बादशाहबाट बहादुर शाहलाई घूङ्ङु पदवीसमेत दिएर चीन लैजाने वातावरण मिलाउन राजा रणबहादुर शाहको विचार जान्न एउटा पत्र पठाउँछन् । मूलतः पत्र उनलाई चीन बोलाउन अनुमतिका लागि हुन्छ । चीनबाट सो पत्र पाए पछि रणबहादुर आगो हुन्छन् । त्यसै रात वि.सं. १८५३ फागुन ११ गते (१९ फेब्रुअरी १७९७) बहादुर शाहलाई गिरफ्तार गर्दछन् । पत्र पठाएको बारे स्पष्टिकरण माग्दछन् ।

काका बहादुर शाहले आफ्नो सच्चा हित चिन्तक हुन् भनेर मूल्याङ्कन गर्न नसक्नु, यसबाट हुन सक्ने भावी अनिष्टको कल्पना गर्न नसक्नु यिनको ठूलो भूल हुन्छ । त्यही भूलका कारण उनीपछिका सन्ततीले उनको अपमान र बहादुर शाहको सम्मान गर्न नेपाली जनता कहिल्यै पछि परेकाछैनन् ।

दरबारका आफ्नै आफन्त पनि राजा रणबहादुर शाहको उच्छ्रिङ्खलता देखेर आजितमात्र पर्दैनन् स्वयम् सावधान भएर बस्न थाल्दछन् । त्यसपछि राजदरबार भित्र षडचन्त्र र हत्याकाण्डका श्रृन्नलाहरू अनियन्त्रित रुपमा हुँदै जान्छन् ।

राजा रणबहादुर शाहकी जेठी महारानी राजराजेश्वरी र माहिली महारानी सुवर्ण प्रभाबीच सौतेनी डाह बढ्दै जान्छ । डाह छोराको राजगद्धी उत्तराधिकारी बनाउने दौडमा पन्पिन्छ ।

जेठी महारानीका २ छोरा हुन्छन्, रणोधर र शमशेर शाह । माहिलीका छोरा हुदैनन्, एउटी छोरीमात्र हुन्छिन् । त्यसैले जेठी ढुक्क हुन्छिन् । यसैबीच १८५३ को शिवरात्रीका दिन मिथिलाबाट तीर्थाटन गर्न आएकी बालविधवा ब्राह्मणी "कान्तवती" लाई पशुपतिमा देखेपछि रणबहादुर शाह मुग्ध हुन्छन् । राजहट स्वरुप उनलाई बलात विवाह गरेर महारानीका रुपमा भित्र्याउँछन् । हतास र विह्वल भएकी कान्तवतीले ६ महिनासम्म दरबारभित्रै भए पनि अस्वीकार नै गरिरहन्छिन् । त्यसपछि मात्र आफूबाट जन्मने छोरालाई नै राजगद्धीको उत्तराधिकारी बनाउने सर्तमा राजी हुन्छिन् । वि.सं. १८५३ (१७९६) को उत्तरार्धमा गोरखा दरबारमा विधिपूर्वक विवाह गर्दछन् । महारानी सुवर्ण प्रभा बाहेक कोही पनि दरबारिया यस विवाहको पक्षमा हुदैनन् ।

वि.सं. १८५४ आश्विन १९ गते (१ अक्टोबर १७९७) का दिन कान्तवतीको गर्भबाट गीर्गाणयुद्ध शाहको जन्म हुन्छ । बाचा बन्धन अनुसार यिनलाई उत्तराधिकारी युवराजधिराज घोषणा गरिदिन्छन् ।[घ] युवराजा गीर्वाणयुद्ध विक्रम शाह एक वर्षको पुग्दानपुग्दै कान्तवती क्षयरोगबाट थला पर्छिन् । अब आफ्नो छोराले राजाको उत्तराधिकारी हुन पाउने हो कि होइन भनेर व्यग्र रहन थाल्छिन् । उनको व्यग्रता देखेर जेठी महारानी राजराजेश्वरीले संरक्षकत्व स्वीकार्दछिन् । राजालाई बालक युवराज गीर्वाणलाई तुरुन्तै राजगद्धीमा बसाउन दवाव दिन थाल्छिन् । वैद्य लक्ष्मीनारायण दाहलले बहादुर शाहको भूत उठाउँछन् । वैद्य मिलउनाले राजारानीलाई गेरु वस्त्र लगाएर इन्द्रिय निग्रह गर्न लगाउँछन् । कीर्तिमान सिंह बस्नेतले राजालाई वानप्रस्थ जीवन बिताउन लगाएर गीर्वाण युद्धलाई राजगद्धीमा राख्न लगाउँछन् । यी योजनाको विरोध गर्ने राजगुरु गजराज मिश्र र चौतार महोद्दाम कीर्तिका छोरा चौतारीया कृष्ण शाहलाई मुग्लान् पठाउँछन् ।

प्रेम र पदबीच असामन्जस्यमा परेका राजाले अन्ततः भारदारी सभाको वैठक बोलाउँछन् । उपस्थित शय जनाजति सभासदले वि.सं. १८५५ फागुन १२ (२० फेब्रुअरी १७९९) गतेका दिन बालक गीर्वाणलाई राजा बनाउन "धर्म पत्र" मा सही गरिदिन्छन् । राजा खुसी हुन्छन् । १६ दिनपछि उनले १८५५ फागुन २८ गते (८ मार्च १७७९) बालक गीर्वाणयुद्धलाई राजा र महारानी राजराजेश्वरीलाई राजाकी संरक्षिका घोषणा गर्दछन् । यसरी रणबहादुरले भूलको लहरमा अर्को भूल थप्दछन् । नव राजाको राज्याभिषेक गर्दछन् । पदमुक्त राजाले राजधानीमा बस्न नहुने मान्यता अनुसार उनी २३ वर्षको उमेरमा सन्यासी भएर स्वामी निर्गुणानन्दको नामले कान्तवतीलाई लिएर पशुपति देवपाटनस्थित स्वास्थ्यालयमा गएर बस्दछन् ।

रानीलाई निको नभएपछि मिलु वैद्यको हात कोलमा हालेर पेलिदिन्छन् । वैद्य दाहाललाई अभक्ष खुवाएर चारपाटा मुडेर मुगलान निकालिदिन्छन् । उनकी श्रीमतीलाई दमैलाई सुम्पिदिन्छन् । हात पेलेकै कारण मिलुको देहान्त हुन्छ । दुबै वैद्यको घरमा आगो लगाइन्छ । सर्वस्व हरण गरिन्छ । योगी राजा पशुपति छाडेर पुलचोक गएर बस्न थाल्दछन् । त्यहाँ पूजापाठ, तन्त्रमन्त्र, यज्ञ अनुष्ठान गरेर निको पार्न खोज्छन् । राजभवनको छानामा गिद्ध बसेर अपसकुन भयो भनेर सम्पूर्ण गिद्धजाती मार्न लगाउँछन् । वि.सं. १८५६ कार्तिक १९ गते रानीको देहान्त हुन्छ । उनी झन क्रुद्ध हुन्छन् । देवीदेवता र पुजारीप्रति कुदृष्टि राख्न थाल्दछन् । पशुपतिनाथलाई तोपले पड्काउन् चाहन्छन् । तुलजा भवानीको मूर्ति उखेलेर मसानघाटमा फ्याँकिदिन्छन् । बेतालको मूर्तिलाई बञ्चरोले फोडिदिन्छन् । हारतीमातालाई विष्टाको धूप बालेर धुवाँ दिन्छन्, अनि उखेलेर फालिदिन्छन् । शिवलिङ्गमा श्रृखण्डको ठाउँमा मानव विष्टाको लेप लगाइदिन्छन् । ब्राह्मण, गुभाज्यूलाई दिएको दान फिर्ता लिन्छन् ।

प्रशासनमा हस्तक्षेप गर्न थाल्छन् । हैरान भएपछि काजी कार्तिमान सिंह बस्नेतले वि.सं. १८५६ माघ १० गते राजा गिर्वाणयुद्धविक्रमलाई नुवाकोट दरबारमा लाने भारदारलाई हातमा बाँधेर भित्तामा झुण्डचाउँछन् । सरदार अमरसिंह थापा र रणबम पाण्डेलाई खुट्टामा बाँधेर झुण्डाइदिन्छन् । परशुराम थापालाई छालामा बसालेर घिसार्न लगाउँछन् । सरदार प्रवल राणालाई उनकी श्रीमतीको पोशाक पहिराएर बजार घुमाउँछन् ।

सबै भारदार पूर्व राजालाई नजरबन्दमा राखेर औषधोपचार गर्नुपर्नेमा एकमत भए पनि चौतारीया बलभद्र शाह मान्दैनन् । उल्टै पोल खोलिदिन्छन् । पोल सुनेपछि भारदारी सभा खारेज गर्दछन् । नयाँ भारदारी गठन गरेर राज्यभार आफैले लिएको घोषणा गर्दछन् । पुलचोक र नुवाकोटबाट बाबु र छोराको नाममा द्वैत्त शासन चल्छ । तारदल, रणशेर, रणभीम र देवीदत्त चार कम्पनी पितापट्टि बाँकी पुत्रपट्टि वफादार देखिन्छन् ।


देशभरका फौज नुवाकोट सामेल गराएउँछन् र काठमाण्डुतिर हानिन्छन् । फौज वि.सं. १८५७ वैशाख ३० गते (१० मे १८००) बालाजु आइपुगे पछि स्वामी महाराज पुलचोकबाट भागेर चापागाउँ, पिउटार हुँदा पर्सागढीको बाटो ज्येष्ठ १७ गते (मे २७) काशी पुग्छन् । महारानी राजराजेश्वरी चौतारा बलभद्र शाहलाई लिएर केही सुसारेसहित काशी पुग्छिन् । श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई काठमाडौं ल्याइन्छ । महारानी सुवर्णप्रभा संरक्षिका हुन्छिन् । काशीमा सरदार भिमसेन थापा र ब्रजनाथ पण्डितका छोरा रङ्गनाथ स्वामी महाराजका सहयोगी हुन्छन् । कम्पनी सरकारले पनि राम्रै व्यवहार गरिदिन्छ । पदच्यूत भएका चौतारा र काजी पनि स्वामीका सहयोगी भएर काशीमै बस्छन् ।

काशीमा स्वामी महाराज नव यौवना युवतीको चहलपहल भित्र मस्त हुन थालेपछि उनलाई खर्चको अभाव हुन्छ । महारानी राजराजेश्वरीका गहना पनि बेच्दछन् । फलतः सुवेदार भिमसेन थापा लगायत काशी पुगेको जत्था अङ्ग्रेजको सहयोग लिएर भएपनि नेपालको राजसत्ता हत्याउनुमा तल्लिन हुन्छन् । नेपालको गृहकलहबाट अङ्ग्रेज सरकारले लाभलिने अवसरका रुपमा हेरिरहेको हुन्छ । कम्पनी सरकारले लामो समयदेखि चाहिरहेको वाणिज्य सन्धी गराउने उपयुक्त मौका बनाउँछ । ब्रजनाथ पण्डित मार्फत् आएको सन्धीको मस्यौदामा नेपालले स्वामी महाराजलाई वनारसमै रोकिराख्ने सर्तमा हस्ताक्षर गर्न सहमत हुन्छ । त्यसै बेला काठमाडौँमा काजी कीर्तिमान सिंहको हत्या हुन्छ । उनको ठाउँमा उनकै भाइ बख्तवार सिंह बस्न्यात मूल काजीमा नियुक्त हुन्छन् । दामोदार पाण्डे र अमर सिंह थापा कायमै रहन्छन् । महारानीको प्रमुख सल्लाहकारमा सुवुद्धि खड्का नियुक्त हुन्छन् ।

आफ्नो देश र आफ्नै परिबार बिरुद्ध हतियार उठाउन आफैले अग्रेजको कंपनी सरकारसंग मद्दत मागेपछि अग्रेजको मध्यस्थतामा पटनामा सन्धी पत्रको मस्यौदा तयार हुन्छ । सन्धी अनुसार पल्लो किराँत र विजयपुर क्षेत्रको आमदानीबाट स्वामी महाराजलाई वार्षिक ८० हजार र आवश्यक जिन्सी दिने र स्वामीबाट नेपालको आन्तरिक शासन व्यवस्थामा कुनै हस्तक्षेप नगर्ने, कम्पनी सरकारका निगरानीमा बस्नुपर्ने निधो हुन्छ । कम्पनी सरकारले नेपालमा आवासीय राजदूत रहने र सो मातहत व्यापार कोठी खोल्न पाउने सन्धी हुन्छ । कम्पनी सरकारलाई मात्र फाइदा हुने, नेपाललाई हानीमात्र हुने अन्य दफा पनि सो सन्धीपत्रमा समावेश गरिन्छन् ।

कम्पनी सरकारबाट कप्तान नाक्स नेपालका लागि राजदूत नियुक्त गरिन्छन् । उनी वि.सं. १८५९ वैशाख ८ गते देखि नेपालमा आवसीय दूतावास खोलेर अड्डा जमाउँछन् ।

# पाठकीय टिप्पणी : कामरेड जलजला




उपन्यास थियो **कडी** पत्रकार मित्र सविन प्रियासिनको, **रानीतलाउ** लेखिका कल्पना खरेलको । यी छुट्टा छुट्टै भाव बोकेका उपन्यासहरू हुन् ।

करिब बीश दिन लगाएर **जलजला** उपन्यास मोहनविक्रम सिंह द्वारा लेखित सरसरती पढियो। पराय उपन्यासमा धेरै पात्रहरू हुन्छन् । **जलजला** रोल्पाको थवाङ भन्ने ठाउँको जलजलालाई विध्या ढकालले पार्टीको काम गर्दा भूमिगत रूपमा राखेको नाम नै जलजला हो । उनि भरतपुर चितवनकी हुन् ।

लेखक क्रान्तिकारी बयोवृद्ध नेता लामू समयसम्म भूमिगत र **जलजला** प्रकाशित भएपछि खुल्ला भएका छन् । नेकपा मसालका महामन्त्री हुन् । र **जलजला**का नायक पनि हुन् । कम्युनिष्ट आन्दोलनका पुराना धरोहर मध्यका मानिन्छन् ।

पृष्ठ १३२०/परिच्छेद ७०/को अहिले सम्मको मैले पढेको नेपाली शब्दकोष १४०८ पछिको सबैभन्दा ठुलो प्रेमिल ग्रन्थमा आधारित उपन्यास "जलजला " सरसरती पढियो ।

मालेमाका कयौं पुस्तक मास्कोबाट प्रकासित पढियो । तर सबै जलजलाभन्दा सानै छन् । उपन्यासमा जलजला ठूलो पुस्तक हो । यस कृतिमा निम्ननुसार ७० वटा परिच्छेदमा शीर्षक राखेर लेखिएको छ । भाषा सरल छ पुस्तक पढेर सबैले बुझ्न सक्ने खालको छ ।

७० परिच्छेद र क देखि घ सम्म उपसंहार छन् । सुरूमा प्राक्कथन छ । बिषय बस्तुहरू दोहोरिएका छन् ।

भाग ६ परिच्छेद ७० निम्न अनुसार छन् ।

(१) कौसानी २१-४२,(२)केदाली मेला - ४३-६१,(३)पर्वतारोहण-६२-८४,(४) लक्ष्मी आश्रम- ८५-१०७, (५) कामरेड गढवाली-१०८-१२५,(६) चिपको आन्दोलन-१२६-१४०,(७)सिनोज्सिस-१४१-१५७,(८) नेपालतर्फ -१५८-१६८,

खण्ड -२

(९) भैरवाजेल १७१-१८७ ,

(१०) त्यो काख जलजलाको-१८८-२०९, (११) काष्ठमण्डप- २०१०-२०२५,

(१२) अष्ट मातृका-२२६-२४३ ,(१३) पञ्चायती राज-२४४-२७१ ,

(१४) कालीको छाल-२७२-२८६,

(१५) माउन्टेन फ्लाइट-२८७-२९९,

(१६) योगमाया-३००-३२०,

३ प्राचिन सभ्यता

(१७) योगबाणी ३२३-३३६, (१८) तोरी खेत-३३७-३५२, (१९) ढुङ्गेयुगिन सभ्यता ३५३-३६३ ,(२०) रामापिथेकस ३६४-३७५ ,(२१) होमोसेपियन मानव ३७६-३८८, (२२) लुम्बिनी ३८९-३९७,(२३) तिलौराकोट ३९८-४०६, (२४) कुस्मा ४०७-४२७, भाग ४ प्रागऐतिहासिक जातीहरू-

(२५) एउटा महान प्रागऐतिहासिक जाती थारू ४३१-४४५, (२६) एउटा प्रागऐतिहासिक महान जाती मगर ४४६-४६०, (२७) कर्णाली प्रदेश ४६१-४८०,

(२८)एउटा प्रागऐतिहासिक महान जाती खस ४८१-४९२, (२९) मष्ट४९३-५०४,(३०)बनारस ५०५-५२२,

खण्ड २ भाग पाँच विश्व दर्शन

(३१) अन्तरिक्ष यात्रा ५२७-५५३,(३२) विश्वको संरचना ५५४-५७२,

(३३) धर्तीको कथा ५७३-५८४,(३४) स्वतन्त्रता सेनानी ५८५-६०५,(३५) सूक्ष्म पदार्थहरूको दर्शन ६०६-६३६, (३६) जनताका बिचको अन्तरविरोध ६३७-६५३, (३७) सांस्कृतिक रूपान्तरण ६५४-६७२, (३८) भविश्यमाथिको अघाध विश्वास ६७३-६८३,

भाग ६ रणचण्डी

(३९) अयोध्या ६८७-६८९,(४०) चौथो महाधिवेशन ७००-७२४, (४१) अपाङ्गता ७२५-७४८, (४२) देवकोटा ७४९-७६२,(४३) गोमती एक्सप्रेस ७६३-७८०, (४४) क्रान्तिको प्रवाह ७८१-८०१, (४५)दुखान्त प्रेम ८०२-८२९, (४६) अनिश्चित यात्रा ८३०-८४४,(४७) रणचण्डी ८४५-८७५, (४८) निष्कासित ८७६-८९१,

भाग ७ दर्शन, क्रान्ति र बलिदानको महाद्विप, (४९) पेरिस ८९५-९१३,(५०) जोन अफ आर्क ९१४-९३०, (५१) कला र सौन्दर्यको सङ्ग्रहालय ९३१-९४५,

(५२) महान दार्शनिकहरूको देश ९४६-९६० (५३) होलोकास्ट ९६१-९७३,

(५४) हिट्लर र कम्युनिष्टहरू ९७४-९९५, (५५) पहिलो समाजवादी देश ९९६१०११, (५६) स्टालिनग्राद १०१२-१०२३,(५७) भेलिन्टिना १०२४-१०४४,(५८) लेनिनग्राद १०४५-१०७१, (५९) ईश्वर भक्ति र प्रेम १०७२-१०९४,(६०) जलोङ्गोको नाच १०९५-११२२,

भाग आठ कामरेड आभा

(६१) अलविदा कामरेड जलजला ११२५-११४०, (६२) झिम्रुक नदी र चिवेचरा ११४१-११५६, (६३)ओखरकोट ११५७-११७५,(६४) हर्के र उजेली ११७६-११९४,(६५) फागुन २४ गते ११९५-१२१६, (६६) गौमुखी१२१७-१२३२,(६७) सनछहरी १२३३-१२४३, (६८)जलजला धुरी १२४४-१२५९, (६९) कामरेड भामा १२६०-१२७२, (७०) थवाङ १२७३-१२९५,

उपसंहार क,ख,ग,घ,-१२९६ - १३२०,

यो कृतीलाई मुख्यतः तीन भागमा बांटेर हेर्न सकिन्छ । पहिलो यो प्रेम कथा, दोस्रो विश्व दर्शनशास्त्र र तेस्रो स्वयर कल्पनामा आधारित ।

का. एम बी सिंह राजनैतिक बिष्लेषकको रूपमा मैले चिन्दछु । नेपालको त्रिभूवन पछि सम्विधान सभाको लागि आवाज उठाउने उनै हुन् । जानिजानी तुहाइएको सम्विधानसभालाई फेरी भ्रुण तैयार पारेको मोहनविक्रम नै हुन् । जो सबै राजनीति दलको मिलन केन्द्र बन्यो ।

लेखकको आसयलाई सङ्घर्ष, अध्ययन, क्रान्तीमात्र छैन पुस्तक पढ्दा कयौं विषयको उठान पनि भएको छ ।

पुस्तकमा टाइपिङ्ग मिष्टेक पनि छन् । केही मितिको पनि समस्या छ । तर सर्जकको आसय त्यो वेला अजितलाई कार्वाही गर्नु गलत थियो भन्ने कुरा प्रष्ट देखिन्छ । जलजलाको वि.स.२०१० असारमा उन्को काठमाण्डौमा जन्म भएको थियो र २०३८ साल अर्थात नोभेम्वर सन् १९८१ तिर उन्को दिल्लीमा एउटा बसबाट ओर्लने क्रममा खसेर दुखद् मृत्यु भएको थियो ।

यसरी स्रजकले आफ्नो उपन्यास द्वारा जलजलाको मृत्युमा कताकती त्यो वेलाको पार्टीकै दोष देखाउन खोजिएको पनि आभाष हुन्छ । कसैसँग बिचार नमिल्दा सम्वन्ध बिक्षेद् नै उपयुक्त हुन्छ भन्ने कुरा पनि आएका छन् । अजितको विवाहा मात्र भएको थिएन उन्का छोरा छोरी पनि थिए । पार्टीले बहुविवाह र बालविवाहको कट्टर बिरोध गर्दै आएको पनि अजितलाई थाहा नभएको होइन । उपरोक्त बिषय बारेमा उपन्यासले बहस छेडेको छ।

विध्यासँग सुनन्दाको परिचय हुनु उन्ले जलजलाको बारेमा बताउनु र एउटी गाँधीवादीलाई जलजला सँग भेट्हुने इच्छा जाग्नु साथै उसैको खोजीमा जाँदा उनि जेल पर्नु र जेलभित्र मार्क्स लेनिनका पुस्तक भेट्टिनु र त्यही जेलबाट सुनन्दा एउटी कटर गाँधीवादी नेत्रृले यसरी मार्क्सवाद-लेनिनवादलाई पच्छाउन पुग्नु, त्यस्तो सञ्जोग पनि हुनसक्छ ।

त्यो वेलाको एउटा परिस्थितीले सुनन्दालाई खारेको देखाइएको छ । उनि सामन्य महिंला थिइनन् र हुनसक्यो नत्र यस्तो चमत्कार हुनु सम्भव थिएन ।

उनि मार्शलआर्ट जानेकी, पर्वतारोही समेत भएकी जेएनयु बाट पिएचडीको लिएको देखाईएको छ ।

उनले थवाङमा अजितलाई प्रहरी सँग लडेर जोगाएका कुराहरू पनि छन् । अजितको जलजलासँगको प्रेमको दुखान्त अन्त्य भएपछि सुनन्दालाई जलजला देख्नु पनि हुनसक्छ । अजितले जलजलामा आफ्नो पूर्व पत्निलाई देखेको भए त्यो झनै उपयुक्त हुनिथियो । तर त्यसो उनले गर्न सक्दैन थिए ।

सर्जकले पात्रहरू द्वारा बिभिन्न बिषयमा आवाज उठाउन लगाएर कम्युनिष्ट आन्दोलनलाई उर्जा दिनेकाम भएको छ । कतिपय ठाउँमा चमत्कारका कुराहरू पनि छन् ।

जस्तै भमरीमा परेर डुब्नै थालेको वेला एकजना माछा मार्ने माझि आएर अजितलाई जोगाउछन् । त्यो बिषयलाई लिएर जलजलाले कुनै न कुनै शक्तिको कल्पना गर्छिन् । फेरी उनि त क्रान्तिकारी हुन त्यो किन हुनसक्थ्यो । यसरी कुनै भौतिकवादी भित्र पनि सारमा दुइटा मनहरू सङ्गसगैं हुन्छन् भनेर देखाउन खोजिएको छ ।

आस्थाले मानिसलाई आकास पातालको सैर गराएको हुन्छ । आस्थावानलाई मृत्युको भय हुनैसक्दैन । प्रेमपनि एउटा लत नै हो । डा.जगदिशले सुनन्दालाई मनपराएका थिए । त्यसैले उन्ले सुनन्दालाई विलायत यूरोप घुमाए । त्यसभित्र पनि एउटा आस्था थियो उनले देखेको एउटा सपना थियो । उनले सुनन्दासँग आफ्नो भविष्यका सपना बुनेका थिए ।

सुनन्दा र अजितको विवाहमा उन्ले गरेको भाषन कति धेरै सच्चाईमा आधारित थियो यस्तो हरकसैले गर्न सक्दैनन्। उनले सुनन्दालाई प्रेम गरेकै कारणले पनि उनले उनको मन दुखाउन चाहेनन् । त्यसमा पनि उन्को एउटा आस्थाले नै काम गरेको थियो । सिद्यान्तबाट पतित भएपनि प्रेमले गर्दा इमान्दार हुन्छ । डा.जगदिशको व्यवहारले त्यसबारे पुष्टी गरेको छ।

सर्जकले सुनन्दासँग प्रेम गरेका थिएनन् बरू सुनन्दालाई जलजलाको मृत्यु पछि अजितको सम्झना आएको थियो । स्वायम जलजला र अजितको पत्रहरू पढेपछि । जलजलाको मृत्यु पछि । उनि त जलजलालाई भुल्ने प्रयासमा डा. जगदिशसँग विवाह गर्न पुगेकि थिइन । डा.जगदिशले खुचेवले रूसमा पुजिवादी व्यवस्थाको पुर्नर्स्थापना गरेको व्यवहारको पक्षमा र स्टालिनको आलोचना गरेपछि नै डा.जगदिशसँग उन्ले नाता नजोड्ने निर्णय गरिन् । डा.जगदिश त पहिल्यैई संसोधनवादी भैसकेको कुरा त स्वयम सुनन्दालाई थाहा थियो । त्यसबारे विध्याले पनि भनेकि थिइन् । डा.जगदिशमा आएको परिवर्तन होइन बरू सुनन्दामा आएको क्रान्तिकारी परिवर्तनले उनिहरूको मेल हुन नसकेको हो ।

सर्जकले त्यो प्रेमलाई क्रान्तिकारी दिशा तर्फ डोराउने प्रयास गरेका छन् । यो उनको सबल पक्ष हो । पुस्तकमा अपाङ्गताहरूको बारेमा पनि महत्वपूर्ण जानकारी छ । यस्तै किसान देखि वुध्दिजीवीसम्म रूख देखि जनावरसम्म र धर्ती देखि सूर्यमण्डलसम्म उपन्यासले समेटेको छ । पठनिय छ, एकप्रकारको

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ भदौ १७, Sep.2 2025





अन्तिम पातो - शाश्वत शर्मा

# फेरि भुटान भ्रमण

चर्चा छ, फेरि पूर्वराजा भुटानको भ्रमण गर्ने । यद्यपि पुष्टि भइसकेको छैन । तापनि सामाजिक सञ्जालमा पूर्वराजा झापा जानु भएको छ । झापाबाटै भुटान जाने हो कि ? जेहोस्, गतवर्ष पनि असोजकै आसपासमा राजाको भुटान भ्रमण भएको थियो । भारतकै अनुरोधमा त्यतिबेला राजकीय सम्मान दिइएको छ । स्मणीय छ, भुटानको राजपरिवारको नेपालका राजपरिवारवीच निकट र सौहाद्र सम्बन्ध रहेको छ ।

स्वनामधन्य ज्योतिषहरुले यही भदौको २८ गतेसम्म राजसंस्था पुनर्स्थापनाको सत्यापन हुनसकेको छैन । केही भन्छन्- अबको भुटान भ्रमणमा सबैकुरा निश्चित हुनेछ । राजतन्त्रको मुद्दा फेरि सडकमा लैजाने तैयारी भइरहेको राजतन्त्रवादी पार्टी, समूह, अभियन्ता, समर्थकले भन्नथालेको सुनिएको छ । जानिफकारका अनुसार यहाँका राजनीतिक दलहरुभित्र देखिएको किचलो, दिनुहँ उजागर हुने नयाँ नयाँ काण्डहरुले गर्दा पनि यो पद्धतिले अब धान्न नसक्ने प्रष्ट भएको छ । कवाडी संघदेखि शिक्षक,इम्बोस्ड नम्बरदेखि उखु किसानसम्मका कथित आन्दोलन अनि लिपुलेक, कालापानी, लिम्पियाधुराको काण्डले तताएको माहौलसँग पुराना काण्डहरु सबै अगाडि आउने र यो पद्धतिलाई ढाल्न सहयोग पुर्‍याउन सघाएको देखिन्छ । अर्काथरि प्रम ओलीले राजीनामा दिनसक्ने अनुमान पनि गर्छन् । संसद सुचारु सञ्चालन हुननसक्नु, प्रदेश सभाहरुमा गठबन्धनका वीच र आफै आफै वीच पनि टकराव सुरु हुनु पनि यो पद्धति खारेजको कारण बन्ने ठाकुरा पनि तिनैले गरिरहेका छन् । यो पद्धति असफल भएकैले हरेक दिन प्रश्न उठिरहेको हो । यो पद्धति असफल हुनुको प्रमुख कारण नै निषेध, विभेद र प्रतिषोधको भावना पार्टीहरुमा हुनु हो ।

हिजो राणाकाल होस्, प्रजातन्त्र, त्यसपछि पञ्चायत, ०४६ को बहुदलमा पनि एकपक्षलाई निषेध गरेकै थियो । राणाकालमा जनतालाई, त्यसपछि कहिले दलहरुलाई, कहिले राजतन्त्रलाई निषेध गरियो । लोकतन्त्र आयो, उदारता आएन । व्यक्ति फेरिए, व्यवहार फेरिएन । व्यवस्था परिवर्तनपछि पनि निषेध ऐंजेरु बन्नपुग्यो । लोकतन्त्र त आयो, ठूला ठूला राष्ट्रघात र फैजदारी काण्डहरु घटित भएका छन् । भ्रष्टाचार गर्ने, आफन्त र आसेपासेलाई पैसा बाँडेर लोकतन्त्र बलियो भयो भन्दै आफूलाई पनि सुरक्षित गर्न खोजियो । कानुन व्यवस्था लथालिङ्ग हुनपुग्यो । निषेध र विभेद, प्रतिषोध र भ्रष्टाचार, राजनीतिमा अपराधिकरण, देश बर्बाद भइरहेको छ । राज्यसञ्जाल असफल भइसकेको छ । स्थिति तहसनहस, सम्हाल्नै नसक्ने छ । संसददेखि पालिकासम्मका ७६१ सरकार भ्रष्टाचारको फोहरको पाखेरी बनेका छन् । लोकतान्त्रिक प्रभाव कतै पनि बाँकी छैन । नैतिकहीनता सर्वत्र व्याप्त छ ।

निष्पक्ष हुनुपर्ने ठाउँमा पार्टीका कार्यकर्ता भर्ती गरिएको छ । शिक्षालयसमेत कार्यकर्ता उत्पादन गर्ने र पार्टीको सेवा गर्ने भर्तीकेन्द्रजस्तो बनेको छ । शान्तिसुरक्षाका नाममा पार्टीको मनलागी चलिरहेको छ । तिनलाई पञ्चखत माफी छ । येवा बेरोजगार विदेश पलायन भइरहेका छन् । पाइला पाइलामा भ्रष्टाचार, धरपकड, अपराध, अन्याय भेटिन्छन् । तैपनि यो पद्धति कायमै छ । यसको एउटै कारण हो, जनतालाई विभाजन गर्ने, भ्रष्टाचारको रकम कार्यकर्तालाई बाँड्ने, तिनीहरुबाटै लोकतन्त्र जिन्दवाद भन्न लगाउने । पालिस लगाएको पद्धति बन्यो यो । बिद्रोह हुन्छ, सशक्त हुनसेको छैन, यिनै नेताका आरती उतारेर जिविका चलाउनेका कारण । एकथरि भन्छन्, राजा पनि अलमलमा छन् । राजा देख्यो कि जयजयकार गरेर उचाल्छन्, त्यसपछि दुलो पसेर कोठे प्रशंसा गर्छन् । राजालाई अघि सारेर दुनो सोझ्याउनेहरु यथार्थमा सक्कली राजतन्त्रवादी हुन् भन्न सकिन्न । राजाले भनेका छन्- जनताले खोजे म यहीँ छु । जनताले खोजेका छन्, संगठित विद्रोह सम्भव भइरहेको छैन । जब जब राजाले सहमति, संवाद र सहकार्यका लागि आह्वान गर पछि जनतामा उत्साह आउँछ पनि, जनता सडकमा निस्कन्छन् पनि, राजतन्त्रवादीहरु सलबलाउँछन् पनि । फेरि केही समयमै यो तातेको अवस्था सेलाउने गरेको छ ।

निष्कर्षमा भन्नुपर्दा, गणतन्त्रवादीमा राजतन्त्रवादी कमजोर छन् भन्ने परि सकेको छ । १८ वर्षदेखि राजा आउ देश बचाउ भन्नेहरु भनिरहेकै छन्, मेची महाकाली, तराईदेखि हुम्लासम्म, बर्दियादेखि सुर्खेतसम्म, भक्तपुरदेखि ललितपुर सम्म राजाको नागरिक अभिनन्दन पनि भइसकेको छ । यथार्थमा राजतन्त्रवादीको बेमेलले आन्दोलन तुहिएको हो । अब भुटान गएपछि के होला ? हेरौं ।


**इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ रहौं**

**इलेक्ट्रिक सिगरेट वा भेपिङ पनि चुरोट वा सुर्तीजन्य पदार्थजस्तै स्वास्थ्यका लागि हानिकारक हुन्छ, त्यसैले:**

- इ-सिगरेटले नेकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरु हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं,

**स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# राष्ट्रपति ट्रम्पद्वारा विश्व शान्तिका लागि भइरहेका प्रयास

दक्षिण कोरियाका राष्ट्रपति ली जे मुङले अमेरिकी राष्ट्रपतिसँग कोरियाली प्रायद्विपमा शान्ति ल्याउन सहयोग मागेका छन् । यसको जवाफमा राष्ट्रपति ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग भेट्ने योजना रहेको खुलासा गरेका छन् ।

दुवै राष्ट्रपतिवीच अगस्ट २५ का दिन वाशिङ्टनस्थित ओभल कार्यालयमा दक्षिण कोरियाका राष्ट्रपति ली जे मुङसँग भेटवार्ता भएको हो । रक्षा र व्यापारका विषयमा छलफल भएको छ । मुख्य छलफल कोरियाली प्रायद्विपमा रूस, चीन र जापानको खतरा, शान्ति र उत्तर कोरियाको बढ्दो आणविक हतियार क्षमताबारेमा भएको थियो । त्यसपछि राष्ट्रपति ट्रम्पले किम जोङ उनसँग राम्रो दोस्ती भएको र भेट्न चाहेको बताएका हुन् ।

दक्षिण कोरियामा ४० हजार अमेरिकी सैनिक तैनाथ छन् । सम्बन्ध सुमधुर छ । गत जुनमा राष्ट्रपति बनेपछि लीको यो पहिलो र महत्वपूर्ण भ्रमण मानिएको छ । राष्ट्रपति लीले पहिलो कार्यकालमा सम्बन्ध स्थिर थियो, अहिले तनाव बढेको बताए र शान्ति स्थापनाका लागि मद्दतको आग्रह गरेको रूस, चीन निकट स्रोतले बताएका छन् ।

ली उत्तर कोरियाप्रति नरम नीति राख्ने नेता मानिन्छन् । तर राष्ट्रपति भएपछि उत्तर कोरियाले दक्षिण कोरियाप्रति तिक्त र नकारात्मक टिप्पणी गर्दै आएको छ । राष्ट्रपति लीले भनेका छन्- "मलाई लाग्छ तपाईं विश्वको शान्ति मुद्दाहरूमा यति धेरै चासो राख्ने र वास्तवमा उपलब्धिहरू हासिल गर्ने पहिलो राष्ट्रपति हुनुहुन्छ," लीले भने । "त्यसैले, मलाई आशा छ कि तपाईं कोरियाली प्रायद्वीपमा शान्ति स्थापना गर्नँहुनेछ ... र किम जोङ उनसँग भेट्नुहुनेछ ।"

President Lee Jae Myung added that "I think you are the first president to have so much interest in the world's peace issues and actually made achievements, So, I hope you would make peace on the Korean Peninsula … and meet with Kim Jong Un. He added that he would "actively support" Trump if he wanted to "play the peacemaker, and that the US president was "the only person who can actually solve." tensions between North and South Korea, who remain technically at war after the Korean War ended in 1953 with an armistice, not a peace treaty.



*दक्षिण कोरियाली राष्ट्रपति र अमेरिकी राष्ट्रपति*



*राष्ट्रपति ट्रम्प र उत्तरकोरियाली शीर्ष नेता उन पानमानजोममा*

अमेरिकी राष्ट्रपतिले दक्षिण कोरियाका रूढीवाद बिरोधी नयाँ राष्ट्रपति लीको नाडी छामेका छन् । व्यापार, सैनिक सम्बन्ध र अमेरिकाको महत्वबारे बुझेका छन् । अमेरिकाले मेक अमेरिका ग्रेट अगेनका योजनाका विषयमा दक्षिण कोरियालाई सम्झाएका छन् । अमेरिकी दबाब बुझाएका छन् । दक्षिण कोरियाका साथमा ठूला संस्था र व्यापारी गएका थिए, जसले ठूलो लगानी गर्ने घोषणा पनि गरेका छन् । दक्षिण कोरियाले ५० अर्ब डलर बराबरको १०३ बोइङ खरिद गर्नेछ । हुन्डाइले अमेरिकामा २६ अर्ब डलर लगानी गर्नेछ । कुल १५० अर्ब डलर लगानी गर्ने घोषणा भएको छ । राष्ट्रपति लीले राष्ट्रपति ट्रम्पलाई विशेष उपहारहरूमा "मेक अमेरिका ग्रेट अगेन" अभियान नारा, दर्जीले बनाएको गोल्फ पुटर, र "टर्टल शिप" मोडेलको कढ़ाई गरिएको दुई काउबॉय टोपीहरू छन् । यो कोरिया र अमेरिकावीचको मैत्री भावना पनि हो । यसमा ट्रम्पले ठट्टा गरे- उत्तर कोरियामा ट्रम्प टावर निर्माण गरिनुपर्छ, ताकि म प्योङयाङमा पनि गल्फ खेल्न सकूँ ।

यो अवसरमा दक्षिण कोरियाका राष्ट्रपतिले भनेका थिए- उत्तर कोरियासँग वर्षेनी १० देखि २० आणविक उत्पादन गर्ने क्षमता बिकसित भइसकेको छ । यसकारण पनि शान्ति जरूरी भएको छ । यस सम्बन्धमा अमेरिकी साइन्टिसको आणविक सूचना निर्देशकले पनि भनेका छन्- उत्तर कोरियामा अतिरिक्त युरेनियम सम्बर्धन क्षमता बृद्धि भएको छ । दक्षिण कोरियाका राष्ट्रपति दुवै कोरियावीच शान्ति चाहन्छन्, ट्रम्प सहयोग गर्न तैयार भएका छन् । ट्रम्को प्रतिक्रिया थियो- म त्यो गर्नेछु, र हामी वार्ता गर्नेछौं । किम जोङ उन मसँग भेट्न चाहन्छन्, हामी उनसँग भेट्न तत्पर छौं, र हामी सम्बन्ध राम्रो बनाउनेछौं । तपाईंले त्यसलाई मद्दत गर्नँहुनेछ ।

उत्तर कोरियाको प्रतिकृया नकारात्मक छ । केसीएनमार्फत आएको प्रतिकृया छ- अमेरिका र दक्षिण कोरिया बीचको संयुक्त सैन्य अभ्यासले कोरियाली प्रायद्वीप "कब्जा" गर्ने अमेरिकाको योजना देखिन्छ । यसअघि नै उत्तर कोरियाका शीर्ष नेता किम जोङ उन र उनकी शक्तिशाली बहिनी यो जोङले भनेका थिए- उत्तर कोरियले आणविक शस्त्रागार कायम राख्नेछ र प्योङयाङमाथि आक्रमण भएमा आणविक हतियारले दक्षिण कोरियालाई ध्वस्त पारिनेछ ।

दक्षिण कोरियाका राष्ट्रपति अमेरिकी राष्ट्रपति ट्रम्पसँग शान्तिको गुहार र सम्बन्ध नविकरण गर्न अमेरिका जानुपूर्व उत्तर कोरियाले दुई वायु रक्षा क्षेप्यास्त्र परीक्षण गरेको नर्थ कोरियाको समाचारसंस्था केसीएनएले जनाएको थियो । रूस र नर्थ कोरिया, चीन र नर्थ कोरियावीचको गाढा सम्बन्धले नर्थ कोरिया अझ शक्तिशाली बनेको कूटनीतिक निष्कर्ष रहेको छ ।

## किम जोङ उनसँग ट्रम्पको अघिल्लो भेट

राष्ट्रपति लीसँग प्रक्ष्ट भएका ट्रम्पले भनेका छन्- किम जोङ उनसँग "धेरै राम्रो सम्बन्ध" छ । २०१७ मा उत्तर कोरियाले मिसाइल परीक्षण गरिरहदा ट्रम्पले किमलाई लिटिल रकेट म्यान भनेर टिप्पणी गर्दै विश्वले नदेखेको आगो र आक्रोशले जवाफ दिने बताएका थिए । तर विश्वभरि तनाव बढेको समय २०१८ (सिंगापुर) र २०१९ मा (उत्तर दक्षिण छुट्याउने सीमा पानमानजोम) उनै ट्रम्पले किमसँग भेटवार्ता गरे, जुन अभूतपूर्व रहेको थियो ।

दक्षिण कोरिया उत्तर कोरियाको २.५ गुण बढेको लामो दूरीका आणविक हतियारबाट चिन्तित छ । यो स्थितिमा अमेरिका र दक्षिण कोरियाकाले हाइपर सोनिक र बहु ध्रुवीय खतरनाक मिसाइलहरू विकास गर्दै गरेको उत्तर कोरियालाई वार्ताको टेबुलमा ल्याउन सम्भव होला ? विज्ञहरू भन्छन्- उत्तर कोरियासँग भाइचारा दृष्टिकोण राख्ने दक्षिण कोरिया र राम्रो सम्बन्ध छ भन्ने अमेरिकाका लागि समे यो धेरै गाह्रो विषय हो । दुवै राष्ट्रपतिले एकादोस्रालाई राष्ट्रपति भएकोमा बधाई आदान प्रदान गरे । तर वार्ताको क्रममा चिन्ताको विषय थियो उत्तर कोरियाको आणविक शक्ति र कोरियाली क्षेत्रमा शान्ति स्थापनाको ।

अन्तमा अमेरिकी राष्ट्रपति ट्रम्पले भने- म तपाईंसँगसहमत छु । किमसँग मेरो सम्बन्ध खराव छैन । मेरो विश्वास छ, उत्तर कोरिया वार्ताका लागि पर्खिरहेको छ । म आशा गर्छु कि कोरियाली प्रायद्वीपमा शान्तिको युगको सुरू हुनेछ ।


**हरेक दिन www.nepaltoday.com.np**

**हरेक मंगलवार : गोरखा एक्सप्रेस**

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका साप्ताहिक
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np

